# प्रदेश सरकार

# विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण र व्यवस्थापन कार्ययोजना २०२० - २०३०

# Provincial Disaster and Climate Risk Reduction and Management Action Plan

## 2020-2030

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

**प्रदेश २**

**जनकपुरधाम, धनुषा**

**पौष २०७६**

DRAFT

# प्रदेश सरकारको मन्तव्य

DRAFT

विषयसूची


अध्याय १ : पृष्ठभूमि ....5

१.१ प्रदेश २ को परिचय ....5

१.२ प्रदेश २ मा विपद् जोखिमको स्थिति....7

१.१.१ बाढी ....9

१.१.२ आगलागी ....10

१.१.३ खडेरी ....10

१.१.४ शीतलहर ....11

१.१.५ महामारी....11

१.१.६ भूकम्प ....11

१.१.७ जनावर आतंक ....11

अध्याय २ : विद्यमान नीति तथा ढाँचाहरूको समीक्षा ....12

२.१ विद्यमान नीतिहरूको समीक्षा ....12

२.२ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया ....14

अध्याय ३ : रणनीतक कार्ययोजनाको नतिजामुखी योजना....16

अध्याय ४ : प्राथमिकता क्षेत्र १ - विपद् जोखिमको बुझाइ ....24

४.१ प्रकोप बमोजिम जोखिम आकलन (लेखाजोखा)....25

४.१.१ बाढी जोखिम....25

४.१.२ आगलागी ....27

४.१.३ जलवायुजन्य जोखिम (खडेरी, चटयाङ, हावाहुरी, टोर्नाडो, तातो हावा-लु तथा शीतलहर)....30

४.१.४ महामारी....32

४.१.५ भूकम्प....34

४.१.६ पहिरो जोखिम....36

४.१.७ सडक दुर्घटना जोखिम ....37

४.२ बहुप्रकोप जोखिम लेखाजोखा/आकलनको लागि अन्तरनिकाय समन्वय ....38

४.३ प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह....40

४.४ विपद् जोखिम बुझाइका लागि क्षमता अभिवृद्धि....42

अध्याय ५ : प्राथमिकता प्राप्त क्षेत्र २ - प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण....47

५.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण....48

५.२ कानूनी तथा नियामक संरचनाको निर्माण....53


DRAFT

५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी ....62

५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता ....64

अध्याय ६ : प्राथमिकता नं. ३ - विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन ....66

६.१ विपद् तथा जलवायु उत्थानशीलता वृद्धिका लागि लगानी प्रवर्धन गरी जोखिम न्यूनीकरण गर्ने....67

६.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि ....81

६.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि ....82

६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलतामा वृद्धि ....83

अध्याय ७ : प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा पहिलेको भन्दा झन राम्रो बलियो निर्माण कालागि विपद् पूर्वतयारीको सुदृढीकरण....84

७.१ प्रभावकारी प्रतिकार्यको लागि (खोज तथा उद्धार र राहत) पूर्वतयारीको सुदृढीकरण....85

७.२ विपद् पूर्वतयारीको लागि बहु प्रकोप सञ्चार र प्रसारण र  पूर्वसूचना प्रणालीको विकास ....90

७.३ पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा “पहिलेको भन्दा झन् राम्रो र बलियो निर्माण” अवधारणा प्रर्वद्धन ....91

अध्याय ८ : रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था....93

अध्याय ९ : रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन ....95

DRAFT

# अध्याय १ : पृष्ठभूमि

## १.१ प्रदेश २ को परिचय

विविध भौगोलिक स्वरूप र उर्वर भूमि रहेको तराई नेपालको एक सुन्दर क्षेत्र हो । यसले नेपालको समग्र क्षेत्रफलको करिब १७ प्रतिशत (२५००० वर्ग किमी) भूभाग ओगटेको छ । यहाँ देशको समग्र जनसङ्ख्याको ४९ प्रतिशत मानिस बसोबास गर्दछन् । तराईलाई नेपालको अन्न भण्डार पनि भनिन्छ । तराई क्षेत्रको उचाई समुद्र सतहबाट ६५ मिटरदेखि ३०० मिटरसम्म रहेको छ । यसको सरदर चौडाइ २० किमीदेखि ४५ किमीसम्म छ । तराईमा उपोष्ण हावापानी पाइन्छ र यहाँको औसत तापक्रम २५ डिग्री रहेको छ । सहज पहुँच र प्राकृतिक सुन्दरताले भरिपूर्ण यस प्रदेश विभिन्न प्रकारका प्रकोप, सङ्कटासन्नता र सम्मुखताबाट जोखिममा रहेको छ ।

प्रदेश २ नेपालको दक्षिणपूर्वी भागमा पर्दछ । आठ जिल्लाहरू रहेको यस प्रदेश पश्चिम पर्सादेखि पूर्व सप्तरीसम्म फैलिएको छ । प्रदेश २ जनसङ्ख्याको हिसाबले दोस्रो ठूलो प्रदेश र क्षेत्रफलको हिसाबले सबभन्दा सानो प्रदेश पर्दछ । यसको क्षेत्रफल जम्मा ९ हजार ६ सय ६१ वर्ग किमी रहेको छ । सन् २०११ को जनगणनाअनुसार यहाँको जनसङ्ख्या ५४ लाख ४ हजार १ सय १५ रहेको छ । यो नेपालकोसबभन्दा बढी जनघनत्व भएको प्रदेश हो । यस क्षेत्रको राजधानी शहर जनकपुर उपमहानगरपालिका हो । यस प्रदेशमा पर्ने आठवटा जिल्लाहरू पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी हुन् (चित्र १.१ हेर्नुहोस्) ।

**चित्र : १.१ : ८ वटा जिल्लाहरूसहित प्रदेश २ को नक्सा**




(स्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६)

प्रशासकीय विभाजनबाट हेर्दा यस प्रदेशमा वीरगञ्ज महानगरपालिका, जीतपुर-सिमरा, कलैया र जनकपुर उपमहानगरपालिकाहरू, ७३ वटा नगरपालिकाहरू, ५९ वटा गाउँपालिकाहरू, ८ जिल्ला समन्वय समितिहरू र १२७१ वडाहरू रहेका छन् ।

*तालिका १.१ : प्रदेश २ को सामाजिक आर्थिक प्रोफाइल*

| क्र.सं. | तथ्याङ्क | आँकडा | नेपाल |
|---|---|---|---|
| 1 | जिल्लाहरूको कूल सङ्ख्या | ८ | ७७ |
| 2 | संसद निर्वाचन क्षेत्रहरूको सङ्ख्या | ३२ | |
| 3 | प्रदेश निर्वाचन क्षेत्र सङ्ख्या | ६४ | |
| 4 | समग्र जनसङ्ख्या/जन घनत्व (प्रति किमी) | ५४०११४५/५५९ | |
| 5 | कूल क्षेत्रफल/नेपालको कूल भूभागमा हिस्सा | ९६६१ वर्ग किमी (६.६%) | १४७१८१ वर्ग किमी |
| 6 | कूल जनसङ्ख्या/नेपालको जम्मा जनसङ्ख्याको हिस्सा | ५४०११४५/२०.४% | 26494504 |
| 7 | औसत परिवार आकार | ५.८३ | ४.८८ |
| 8 | राजधानी (अस्थायी सहमति) | जनकपुर उमनपा | काठमाडौं |
| 9 | महानगरपालिका/उपमहानगरपालिका | १/३ | ६/११ |
| 10 | नगरपालिका/गाउँपालिका | ७३/५९ | २७६/४६० |
| 11 | कूल स्थानीय तहका निकायहरू | १३६ | ७५३ |
| 12 | कूल ग्राहस्थ उत्पादन औसत वार्षिक वृद्धि, २००१-१०/२०१०-१७ | ४.१/४.३ | |
| 12 | **कूल ग्राहस्थ उत्पादनको संरचना** | | |
| 12.1 | कृषि - ३९ | ३९ | |
| 12.2 | उद्योग - २२ | २२ | |
| 12.3 | निर्माण - १० | १० | |
| 12.4 | सेवा - २९ | २९ | |
| 12.5 | प्रतिव्यक्ति आय (डलरमा) | ७०० | १०४ |
| **13** | **गरिबी तथा रोजगार** | | |
| 13.1 | मानव विकास सूचकाङ्क | ०.४२२ | ०.४९ |
| 13.2 | शिशु मृत्युदर | ५६.६०९ | ४०.५ |
| 13.3 | साक्षरता दर | ५०.२ | ६६.६ |
| 13.4 | औसत आयु | ७०.४२९ | ६८.८ |
| 13.5 | शौचालय सुविधामा पहुँच (समग्रको %) | २६.४२५ | ६२ |
| 13.6 | खानेपानीमा पहुँच (समग्रको %) | ९४.०१३ | ८५.९ |
| 13.7 | श्रम उत्पादकत्व | १२५०५० (रूपैयाँ) | |
| 13.8 | कूल कृषि भूमि (हेक्टरमा) | ५२९५७१ | |
| 13.9 | कूल सिँचाइ पुगेको भूमि | ७४.३० % | |
| 13.10 | कूल उपलब्ध खाद्यान्न | ९४८६४० | |
| 13.11 | कूल खाद्यान्न आवश्यकता | १०६०४८८ | |
| 13.12 | कूल खाद्यान्न कमी | १११८४८ | |
| 13.13 | कूल सार्वजनिक स्वास्थ्य चौकी | ८२० | |
| 13.14 | कूल निजी स्वास्थ्य संस्थाहरू | १६८ | |
| 14 | **विद्यालय छाड्नेहरू (केटीहरू-केटाहरू)** | | |
| 14.1 | निम्न माध्यमिक | ३.९-३.९७ | |
| 14.2 | माध्यमिक | ५.७२-६.३४ | |
| 14.3 | उच्च माध्यमिक | ५.६४-५.५३ | |
| 15 | **पूर्वाधार** | | |
| 15.1 | राष्ट्रिय सडक | १३५६ | |
| 15.2 | ग्रामीण सडक | ५६९५ | |
| 15.3 | ग्रामीण सडक घनत्व (किमी/वर्गकिमी) | ५८.९५ | |
| 15.4 | राष्ट्रिय सडक घनत्व (किमी/वर्गकिमी) | १४.०३ | |
| 15.5 | जलविद्युत (मे.वा.) | ९२ | ६५२३ |
| विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्क : केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना (२०६८), नापी विभागका प्रतिवेदनहरू, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल मानव विकास प्रतिवेदन २०७० र अन्य | | | |

DRAFT

भौगोलिकरूपमा प्रदेश २ उत्तरमा चुरेदेखि दक्षिणमा भारतको सीमासम्म फैलिएको छ। नेपालका ठूला नदीहरू कोशी, बाग्मती, लालबकैया र अन्य गरी ५० भन्दा बढी नदीहरू यो प्रदेश हुँदै बहन्छन् । तसर्थ, प्रदेश २ बाढीको उच्च जोखिममा रहेको क्षेत्र हो । यसबाहेक यो प्रदेशमा अन्य विभिन्न बहुप्रकोपबाट हुनसक्ने विपद्हरूको जोखिम पनि धेरै रहेको छ। विशेषगरी प्रदेश २ मा भूकम्प, बाढी, आगलागी, शीतलहर, तातो हावा र बेलाबेलामा देखा पर्ने महामारी लगायतका प्रकोपबाट सृजित विपद्हरू हुने गरेका छन् । प्राकृतिक स्रोतहरूको (ढुङ्गा, गिटी, बालुवा र अन्य) जथाभावी दोहन गर्ने वर्तमान प्रवृत्ति र रुखहरूको निरन्तर अनियन्त्रित कटानले यस क्षेत्रमा विपद्को प्रभावहरूलाई झन प्रतिकूलरूपमा बढाएको छ। यी प्रकोपहरूले उच्च मात्रामा भौतिक तथा आर्थिक पूर्वाधारहरू क्षति गर्दै आएका छन् । त्यसैगरी यी विपद्हरूबाट उच्च मानवीय क्षति हुने गरेको छ भने ठूलो सङ्ख्यामा परिवारहरू अस्थायी विस्थापित हुँदै आएका छन् । उनीहरूले आफ्नो घर र जीविकोपार्जनहरू गुमाइरहेका छन् । यी विपद्हरूले प्रदेश २ का स्थानीय समुदायहरूको लागि गम्भीर आर्थिक तथा सामाजिक भार थोपर्दै आएका छन् । माथि उल्लेख गरिएका विपद्हरू प्रदेश २ का सबै ८ वटा जिल्लाहरूमा बारम्बार देखिने गरेका छन् । यस हिसाबले हेर्दा प्रकोपहरूले मुलुकको आधाभन्दा बढी जनसङ्ख्याको हिस्सालाई उच्च जोखिममा राख्दै आएको छ ।

**१.२ प्रदेश २ मा विपद् जोखिमको स्थिति**

भूकम्प, वनविनाश, खडेरी, बाढी, आगलागी, उच्च तापक्रम र शीतलहर यस क्षेत्रलाई उच्च जोखिममा राख्ने साझा प्रकोपहरू हुन् । जलवायु परिवर्तनका पछिल्ला प्रभावहरूले यी प्रकोपहरूको आवृत्ति र प्रतिकूल असरलाई थप तीव्र बनाएको छ । परिणामस्वरूप बाढी, आगलागी, उच्च गर्मी र शीतलहर तराई क्षेत्रको लागि बर्षेनीको घटनाजस्तै भएको छ। यसमाथि २०७६ साल वैशाखमा पहिलो पटक टोर्नाडो भनिने अर्को नयाँ प्रकार प्रकोपबाट विपद्को स्थिति सृजना भयो । यो उच्च आँधीको स्वरूपमा आएको एउटा प्रकोप थियो जसको कारण सयौं मानिसले ज्यान गुमाए, कयौं गम्भीर घाइते भए र ठूलो मात्रामा विस्थापित भए। सोही समयमा करोडौं रूपैयाँ बराबरको भौतिक पूर्वाधार र सेवाहरू क्षतिग्रस्त हुन पुगे । प्रदेश २ मा यस्ता प्रकारका क्षतिहरू हरेक वर्ष भइरहन्छन् । प्रकोपहरूको यसप्रकारको प्रवृत्तिले, र त्यसमा पनि विशेषगरी बाढीले यस क्षेत्रमा कृषि उत्पादन, पशुचौपाया र सिंचाइका माध्यमहरूमा ठूलो क्षति गर्ने गरेका छन् ।

ठूलो सङ्ख्यामा नदीहरू र अन्य जल प्रवाहका स्रोतहरू रहेको कारण पनि प्रदेश २ का जिल्लाहरूमा बाढी एक प्रमुख प्रकोप रहँदै आएको छ । मनसुन महिनाहरू सबभन्दा धेरै बाढी जोखिम भएको समय मानिन्छ । हरेक वर्ष बाढीका कारण ठूलो सङ्ख्यामा घरपरिवारहरूले आफ्नो घर र जीविकोपार्जनका माध्यमहरू गुमाउँदै विस्थापित हुँदै आएका छन् । भूकम्प, वनविनाश, खडेरी, बाढी, आगलागी, उच्च तापक्रम र शीतलहरका कारण सिर्जित विपद्हरू प्रदेश २ का सबै आठ जिल्लाहरूमा बसोबास गर्ने मानिसहरू र समुदायको लागि ठूलो बोझ भएका छन् । हरेक वर्ष दुई वा दुईभन्दा बढी प्रकारका प्रकोपहरूबाट जनधन क्षति हुने उच्च जोखिममा यहाँका जनताहरू छन् ।

यस प्रदेशमा हुने समग्र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रमुख जिम्मेवार निकाय हो । प्रशासनले विपद्का यी समस्याहरू र यसको गतिशीलता बुझेका छन्, तर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रलाई संस्थागत गर्ने दिशातर्फको प्रगति भने अझै पनि सुस्त रहेको छ । यी निकायहरूले नमुना विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन पहिल्यै ग्रहण गरिसकेका भए पनि यसको व्यावहारिक कार्यान्वयन अझै पनि हुन सकेको छैन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाले विपद् व्यवस्थापनको लागि ठोस आधार निर्माण गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रलाई स्थापित गरी मजबुत बनाउँदै दीर्घकालमा अघि बढ्न मद्दत गर्नेछ । तलको चार्टले यस प्रदेशमा यी प्रकोपहरूबाट पर्दै आएका प्रभावहरूलाई थप व्याख्या गर्दछ ।

DRAFT

*चित्र १.२ प्रदेश २ मा विपद्बाट भएका मानवीय क्षति*




प्रदेश २ मा सन् २०१७ मा बाढीबाट सबभन्दा धेरै मानवीय क्षति भएको चित्र १.२ ले देखाउँछ । त्यसपछि क्रमशः सन् २०११ र २०१८ मा शीतलहरबाट बढी मानवीय क्षति भएको देखिन्छ । समग्रमा आगलागी, बाढी र शीतलहरबाट लगभग वर्षेनी मानवीय क्षति भएको देखिन्छ ।

*चित्र १.३ : प्रदेश २ मा विपद्बाट भएका चोटपटक/घाइते*




प्रदेश २ मा सन् २०१५ मा भूकम्पले सबभन्दा धेरै घाइते भएको चित्र १.३ ले देखाउँछ । यसबाहेक आगलागीका घटना हरेक वर्ष बढ्दै गएको र यसले धेरै घाइते बनाएको देखिन्छ ।

*चित्र १.४ : पूर्ण क्षतिग्रस्त घरहरू*




*चित्र १.५ : आंशिक क्षतिग्रस्त घरहरू*




हरेक वर्ष घरहरू पूर्ण क्षतिग्रस्त हुने एक प्रमुख कारण आगलागी रहेको चित्र १.४ ले देखाउँछ । यसबाहेक, गोरखा केन्द्रबिन्दु भएर आएको सन् २०१५ को भूकम्पमा धेरै घरहरू पूर्णरूपमा भत्केका र अन्य धेरै घरहरू आंशिक क्षति भएका थिए ।

प्रदेश २ मा हुने प्रमुख प्रकोपहरूमध्ये बाढी, वन डढेलो, सर्पदंश, शीतलहरू प्राकृतिक विपद् हुन् जसले बारम्बार वर्षेनी जनधनको क्षति गर्दै आएको छ । अर्कोतिर मानवीय कारणले सिर्जित हुने विपद्हरू प्रदेश २ मा प्रमुख चिन्ताको विषय भने नरहेको देखिन्छ । प्रदेश २ मा बारम्बार दोहोरिने प्रकोपहरूलाई तल व्याख्या गरिएको छ :

### १.१.१ बाढी

सामान्यतया नेपालमा निरन्तरको उच्च वर्षा, हिमताल विष्फोट र पहिरोबाट बनेको ताल फुट्ने आदि कारणले बाढी आउने गर्दछ । प्रदेश २ समेत भएको तराई क्षेत्र भारतको बिहार नजिकै नेपाल र भारतको सीमा क्षेत्रमा बाँधिएको बाँध र तटबन्धनको कारण पानीको निकास राम्रोसँग हुन नपाउँदा हरेक वर्ष डुबानमा पर्ने गर्दछ । पूर्वाधारहरूको विकास, विशेषगरी सीमा नजिक निर्माण भएका सडकहरूले पनि पानीको प्राकृतिक निकासलाई रोक्दछ । जब नदीको पिंध उकास हुँदै माथि आउँछ सामान्य बाढीमा पनि समुदायहरू असुरक्षित हुन्छन् । पहाडी क्षेत्रबाट तराई क्षेत्रमा बहने नदीहरूले बगाएर ल्याउने माटो र बालुवाको थिग्रेनीले नदीको प्राकृतिक बहाव मार्ग भरिँदै जाँदा तराई क्षेत्रका समतल क्षेत्रहरू बाढीबाट प्रभावित हुँदै आएका छन् । गर्मीमा मनसुनको पूर्ण सक्रियतासँगै असारदेखि भदौसम्म तराई क्षेत्रमा बाढी आउने गर्दछ ।

हिउँ र पहिरोले थुनेर बनेका अस्थायी तालहरू भत्किएर पनि अकस्मात बाढी आउँछ । चुरे र भावर क्षेत्रबाट उत्पत्ति हुने साना खोलाहरूको कारणले खहरे बाढी आउँछ । बाढीको समयमा हुने पानीको वेग प्रवाहको कारण यी नदीहरूले बारम्बार आफ्नो मार्ग बदल्छन् र धेरै थिग्रेनीहरू बगाएर ल्याउँछन् । यी थिग्रेनीहरू तराईका समतल भूभागमा नदीको बहाव मार्गमा जम्मा हुँदै जाँदा नदीको पिंध र किनार उकास हुँदै आउँछन् । बाढी दक्षिणी तराई क्षेत्रमा बहँदा डुबान हुने, किनार कटान हुने, कृषि जमिनमा बालुवा थुप्रिने हुन्छन् । एउटा उदाहरण हेरौं : नदीमा हुने थिग्रेनी सम्बन्धी एक अध्ययनअनुसार विगत ४५ वर्षयता सर्लाहीको लखनदेही नदीमा करिब १७८ हजार मेट्रिक टन बालुवा तथा गिटीहरू थुप्रिएको र परिणामस्वरूप नदीको पिंध २ मिटर माथि उकास भएको छ । यसरी हुने बालुवाको थिग्रेनीले हजारौं हेक्टर कृषि भूमिको उत्पादकत्व घटाएको छ । सन् २०१७ मा आएका खहरे बाढीहरूले यहाँ उत्पादन हुने कूल कृषि उत्पादनको ३ प्रतिशत उत्पादनमा क्षति गऱ्यो । यदि तराईमा, र त्यसमा पनि विशेषगरी प्रदेश २ मा आउने बाढीहरूको प्राकृतिक बहाव मार्गलाई समयमा नै व्यवस्थापन नगरिए तराई चाडैं नै मरुभूमिमा परिणत हुनेछ ।

प्रदेश २ अन्तर्गतका आठ जिल्ला भएर बहने प्रमुख नदीहरूलाई तलको तालिकामा सूचीकृत गरिएको छ :

**तालिका १.१ : प्रदेश २ भएर बहने प्रमुख नदीहरू**

| जिल्लाहरू | नदीहरू |
|---|---|
| **धनुषा** | कमला, चारनाथ, जमुनी, जल्लाद, औरही, विग्हि, दूधमती |
| **महोत्तरी** | अंकुशी, अङ्गाहा, विधि |
| **सिराहा** | कमला, गगन, बलान, खुट्टी, सुरी, बताहा, घुर्मी, इभा, मैनावती |
| **सप्तरी** | कोशी, खाँडो, बलान, महुली, त्रियुगा, सुन्दरी, खड्ग, घोरदह, जीता |
| **सर्लाही** | लखनदेही, मनुसमारा, सीम, बाग्मती |
| **रौतहट** | बाग्मती, लालबकैया, चाँदी, झाज |
| **बारा** | लालबकैया, घन्सार, बगर, भमरा, लालखोला, पासाहा, बंगारी, दुधौरी, कातनदी, बाणगंगा, जमुनी, अरुवा |
| **पर्सा** | तिलावे, जमुनिया, भेधा, सिर्सिया, सरस्वती, ओरिया |

तल चित्र १.६ सबै आठवटा जिल्लाहरूमा बाढी बारम्बार हुने घटना हो भनी देखाउँछ । सप्तरी, बारा र रौतहटमा बढी मात्रामा बाढीले असर गर्दै आएको छ । सन् २०१७ मा यी जिल्लाहरूमा सबभन्दा धेरै बाढी आएको देखिन्छ । विगत १० वर्षमा बाढीबाट यस क्षेत्रमा १२५ मानिसले ज्यान गुमाएका, २६ जना बेपत्ता भएका, ४४८६ घरहरूमा क्षति पुगेको र ६५ करोड रूपैँया बराबरको बालीनाली तथा सम्पत्ति क्षति भएको देखिन्छ ।




*चित्र १.६ : बाढीका वर्षेनी घटना*

### १.१.२ आगलागी

तराईमा धेरैका अधिकांश घर ग्रामीण शैलीका छन् । माटो, काठ, फिक्रा, खर, पराल लगायतका सामाग्रीहरू प्रयोग गरी घरको भित्ता र छाना बनाइएका हुन्छन् । बसोबास प्रयोजनका लागि बनाइएका घरहरू गुचमुच्च परेका र नजिकै रहेका हुन्छन् । यस्ता घरहरू विशेषगरी सुख्खा मौसममा छिटो आगोले समात्ने र नजिक भएका कारण तुरुन्त एकपछि अर्कोमा फैलने जोखिममा रहेका हुन्छन् । सुख्खा मौसममा प्राकृतिक विपद्को अर्को कारक चुरे क्षेत्रमा हुने वन डढेलो पनि हो । तराई क्षेत्रमा गाउँघरमा हुने आगलागी होस् वा चुरे क्षेत्रमा हुने वन डढेलो दुवै विशेषगरी सुख्खा मौसममा हुने गर्दछन् ।

वन डढेलो तराई क्षेत्रमा बारम्बार हुने गर्दछ र यसले वन्य पारिस्थितिकी प्रणालीलाई खतरामा पार्दछ । आधाभन्दा बढी वन डढेलो शिकारीहरू, चरुवाहरू र गैरकाष्ठ वन्य उत्पादन सङ्कलकहरूले जानीबुझी लगाउने गर्दछन् । गाउँघरमा हुने आगलागीका घटनाको सङ्ख्या पनि उच्च रहेको छ र यसो हुनुमा विशेषगरी खाना पकाउन खर, पराल, दाउरा आदिमा निर्भर हुनु नै मुख्य कारण देखिन्छ । यसबाहेक, स्थानीय समुदायमा घरमा हुने आगलागीका घटनालाई कसरी कम गर्ने भन्नेसम्बन्धी चेतना र ज्ञान धेरै कम पाइन्छ । विगत १० वर्षमा आगलागीका घटनाहरूबाट ६७ मानिसले ज्यान गुमाएका, ३०६ जना घाइते, ५२०२ घरहरू क्षति, ३८६८ जनावरको मृत्यु र ३ अर्ब ७२ करोड ३७ लाख ३१ हजार १६० रूपैँया बराबरको धनमाल क्षति भएको तथ्याङ्क उल्लेख छ ।

### १.१.३ खडेरी

प्रदेश २ ठूलो हिस्सामा कृषियोग्य भूमि रहेको प्रदेश हो । जलवायुमा आएको परिवर्तनका कारण खडेरी यो प्रदेशमा बारम्बार हुने अर्को प्रमुख प्रकोप हो । प्रतिकूल जलवायुका कारण अनियमित वर्षा हुने, समयमा वर्षा नहुने र कम वर्षा हुने कारणले यहाँका कृषि भूमि सुख्खा हुँदै गएका छन् । केही ठाँउका कृषि जमिनहरू अन्य ठाउँको तुलनामा खडेरीप्रति बढी जोखिममा छन् । सिंचाई सुविधाको अभावले खडेरीको प्रभावलाई झनै बढाएको छ । यसबाट ठूलो मात्रामा बाली उत्पादनमा क्षति भएर खाद्य अभाव र खाद्य असुरक्षा उत्पन्न गर्दछ । मंसीरदेखि जेठ महिनाहरू तुलनात्मकरूपमा बढी सुख्खा हुन्छन् । त्यसैगरी मनसुनमा लामो समयसम्म पानी नपर्दा पनि खडेरीको अवस्था देखा पर्दछ । लामो समयको खडेरीले खाद्यान्न उत्पादनमा कमी ल्याउँछ र परिणामस्वरूप समग्र मुलुकमा नै खाद्य असुरक्षाको प्रभाव विस्तार हुन थाल्दछ ।

DRAFT

### १.१.४ शीतलहर

तराई क्षेत्रमा बर्षेनी शीतलहरको कारण गरिब बस्तीहरूमा मानव क्षति र मानव जीवनमा यसको प्रभाव निकै गम्भीर रहेको छ । गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको अभिलेख अनुसार विगत ३ वर्षयता शीतलहरबाट प्रदेश २ अन्तर्गतका सबै ८ जिल्लाभरि २० जनाको ज्यान गइसकेको छ । सर्वसाधारण र सञ्चार क्षेत्रबाट शीतलहर भनी नाम दिइएको यो अवस्था खासगरी जमिनसम्म रहने करिब स्थिर, सुस्त गतिमा बहने बाक्लो कुहिरो हो जसले नेपाल, बंगलादेश र उत्तरी भारतको अधिकांश समतल भूभागलाई ढाकेको हुन्छ । यो कुहिरो भूँइदेखि करिब ४०० मिटर माथिसम्म भएर उडेको हुन्छ । विशेषगरी बिहान बढी बाक्लो कुहिरो लाग्ने गर्दछ र नजिकै देख्न पनि मुस्किल हुन्छ । कुहिरो बाक्लो हुने बित्तिकै तापक्रममा अचानक गिरावट आउँछ । तापक्रम सामान्यभन्दा कम भएर १० देखि १५ डिग्री पुग्ने कारणले गर्दा धेरैजसो मृत्यु शरीरको तापक्रममा कमी आएर भएको पाइन्छ । शीतलहर मानवीय गतिविधिको उपज हो, किनकि तराईमा सिंचाई भएको भूमि जाडोमा पनि भिजेको हुन्छ र यसले कुहिरोलाई लामो समय अड्याएर राख्दछ । शीतलहरको कारण मृत्युमा वृद्धि हुँदै जानु भनेको कमजोर सामना क्षमता रहेको देखिनु हो । विशेषगरी समाजमा रहेका कमजोर, गरिब र सीमान्तकृत समुदायको सामना क्षमता कमजोर हुने गरेको पाइन्छ । शीतलहरको कारणले विगत १० वर्षमा ३१४ जनाको मृत्यु भइसकेको छ ।

### १.१.५ महामारी

तराई क्षेत्रमा बसोबास गर्ने अधिकांश समुदायहरू पानी, किरा र सूक्ष्मजीवजन्य संक्रामक रोगहरूको जोखिममा छन् । विभिन्न महामारीको कारण धेरै मानिसहरूले ज्यान गुमाएका छन् । यस्ता महामारीहरूमा झाडापखाला, मलेरिया, दादुरा, हेपाटाइटिस, इन्फ्लुएन्जा, टाइफाइड, दम, हैजा, यौनजन्य संक्रमण, क्षयरोग आदि पर्दछन् । महिला तथा कुपोषण भएका बालबालिकाहरू यी रोगहरूबाट बढी प्रभावित भएको पाइन्छ । उनीहरू पर्याप्त सचेतनाको अभाव र औषधि उपचारको उपलब्धता नहुँदा ज्यान गुमाउन बाध्य हुन्छन् । महामारीको कारणले बर्षेनी उच्च सङ्ख्यामा मृत्यु हुने गरेको देखिन्छ ।

### १.१.६ भूकम्प

नेपाल भूकम्पीय क्षेत्रमा पर्दछ । वि. सं. २०७२ बैशाख १२ गते गोरखा केन्द्रविन्दु भएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पको कारण नेपालले जनधनको धेरै क्षति बेहोर्नु पऱ्यो । तत्पश्चात् २०७२ साल बैशाख २९ गते सिन्धुपाल्चोक केन्द्र विन्दु भएको ७.३ रेक्टर स्केलको ठूलो पराकम्पन र निरन्तर आइरहेका अन्य साना ठूला पराकम्पनहरूले जनधनको थप क्षति बढायो । तराई क्षेत्रका पुराना घरहरू भएका अधिकांश बस्तीहरूले ठूलो क्षति बेहोर्नु पऱ्यो । तराईबाट मृत्यु भएको कुनै अभिलेख नभएपनि उनीहरूको कमजोर घरहरूमा भएको क्षतिका कारण धेरै मानिसहरू घाइते भए ।

### १.१.७ जनावर आतंक

तराई ठूलो सङ्ख्यामा वन्यजन्तु आरक्ष, वन्य क्षेत्र र जैविक विविधता भएको क्षेत्र हो । यहाँ हात्ती, बाघ, भालू, बँदेल बारम्बार मानव बस्तीमा प्रवेश गर्दछन् र आतंक मच्चाउँछन्, खेतीपाती क्षति गर्दछन्, सम्पत्ति नष्ट गर्दछन् र कहिलेकाहीं मानिसहरूलाई पनि मार्दछन् । अर्कोतिर केही जिल्लाहरूमा सर्पको टोकाइका घटना वर्षेनी बढ्दै गएको छ, विशेषगरी धनुषा, महोत्तरी र सिराहा जिल्लाहरूमा यस्ता घटना बढ्दै गएको देखिन्छ । हालैका वर्षहरूमा सर्पको टोकाइबाट धेरै मृत्यु भएका छन् र केही सीमित स्थानमा मात्र उपचार उपलब्ध हुनु यसको कारणहरूमध्ये एक हो ।

DRAFT

# अध्याय २ : विद्यमान नीति तथा ढाँचाहरूको समीक्षा

## २.१ विद्यमान नीतिहरूको समीक्षा

तलको तालिका २.१ ले राष्ट्रिय (संघ), प्रदेश र स्थानीयस्तरका विपद्सँग जोडिएका सबै नीतिहरूलाई सूचीकृत गर्दछ :

*तालिका २.१ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी नीतिहरूको समीक्षा*

| क्र.सं. | नीति | प्रमुख विशेषताहरू |
|---|---|---|
| **अन्तर्राष्ट्रिय स्तर** | | |
| १ | सेन्डाइ ढाँचा २०१५-२०३० | यस ढाँचा देहायका प्राथमिकता क्षेत्रहरू प्रस्तुत गर्दछ :<br>• विपद् जोखिमको बुझाइ<br>• विपद् जोखिम व्यवस्थापन गर्न विपद् जोखिम शासनको सुदृढीकरण<br>• उत्थानशीलताको लागि विपद् जोखिम न्यूनीकरणमा लगानी<br>• प्रभावकारी प्रतिकार्यको लागि विपद् पूर्वतयारी बढाउने, र<br>• पुनर्लाभ, पुनर्स्थापन र पुनर्निर्माणको समयमा झन बलियो र राम्रो निर्माण गर्ने । |
| २ | दिगो विकास लक्ष्यहरू २०१५-२०३० | • दिगो विकास लक्ष्य ११ ले शहरहरू र मानव बासोबासहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने लक्ष्य राख्दछ ।<br>• दिगो विकास लक्ष्य १३ ले जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुध्न तत्काल कार्यको आह्वान गर्दछ । |
| ३ | नयाँ शहरी एजेण्डा, युएन ह्याबिट्याट तेस्रो २०१६ | यसले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको ग्रहण तथा कार्यान्वयन, सङ्कटको अवस्था कम गर्ने, प्राकृतिक तथा मानवकृत विपद्मा उत्थानशीलता तथा प्रतिकार्य क्षमता निर्माण गर्ने, र जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन प्रवर्धन गर्ने शहरहरू निर्माणको परिकल्पना गरेको छ । |
| **राष्ट्रिय स्तर** | | |
| १ | नेपालको संविधान २०७२ | नेपालको संविधानले विपद् जोखिम व्यवस्थापन सरकारका सबै तहहरूको साझा जिम्मेवारी हो भनी स्पष्टरूपमा उल्लेख गरेको छ । सबै तीनवटा तहका सरकारहरूको अधिकार क्षेत्रभित्र विपद् व्यवस्थापनको जिम्मेवारी पर्दछ भनी संविधानले थप स्पष्ट पारेको छ । |
| २ | विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ | विपद् जोखिम न्यूनीकरणका पाँच प्राथमिकता क्षेत्रको पहिचान गरी उत्थानशील समुदाय विकासको लक्ष्य लिएको । विपद् उत्थानशील नेपालको दीर्घकालीन सोच (परिकल्पना) राखेको । |
| ३ | दैवी प्रकोप उद्धार ऐन २०३९ | यस ऐनले गृह मन्त्रालयलाई विपद्पश्चातको उद्धार तथा राहतको माध्यमबाट जनधनको सुरक्षा गतिविधिहरूको समन्वयको लागि केन्द्रीय निकायको रूपमा स्थापित गरेको । विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गर्ने मार्ग स्थापित गरेको । |
| ४ | विपद् जोखिम न्यूनीकरण नीति २०७४ | • महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका मानिस, आर्थिकरूपमा पछि परेकाहरूलाई सहयोग गर्ने ।<br>• विपद् पूर्व र विपद् पछि सामुदायिक स्तरको सचेता कार्यक्रममा जोड दिएको ।<br>• विपद् प्रतिकार्य तथा विपद् पश्चातको पुनर्लाभ र पुनर्निर्माणमा समेत सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई समाहित गरी सञ्चालन गरिनेछ भनी उल्लेख गरेको । |

| | | |
|---|---|---|
| ५ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ | यस ऐन मुलुकमा विपद् परेको अवस्थामा विपद् प्रतिकार्य, जोखिम न्यूनीकरण, पूर्वतयारी र व्यवस्थापनका गतिविधिहरू अघि बढाउने प्रमुख दस्तावेज/साधन हो । राहत केन्द्रित विधिबाट वृहत्तर विपद् जोखिम व्यवस्थापन तथा जोखिम न्यूनीकरणतर्फको यो एउटा महत्वपूर्ण फड्को हो । सेन्डाइ विपद् जोखिम न्यूनीकरण ढाँचाअनुरूप यसको विकास गरिएको छ र यसले दैवी प्रकोप उद्धार ऐन २०३९ लाई प्रतिस्थापन गरेको छ । |
| ६ | स्थानीय शासन सञ्चालन ऐन २०७४ | यस ऐनले नगरपालिका र गाउँपालिकाहरू, जिल्ला परिषद/जिल्ला समन्वय समितिहरू र प्रदेश समन्वय परिषदहरूको भूमिका तथा जिम्मेवारीहरू प्रस्तुत गरेको छ । यस ऐनले स्थानीय तहका इकाइहरूलाई आफ्नै कानून, नियम तर्जुमा गर्ने, कर लगाउने, कोष उठाउने जिम्मेवारीहरू प्रदान गर्नुका साथै न्यायिक जिम्मेवारीहरू पनि प्रदान गरेको छ । |
| ६ | विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० | विपद् जोखिम व्यवस्थापनका कार्यक्रम तथा प्रक्रियाहरूमा सीमान्तकृत समुदाय तथा घरपरिवारहरूलाई समावेश गरेको छ । पुनर्निर्माणको लागि आर्थिक रूपमा कमजोर वर्गहरूलाई बीमा तथा वित्तीय सहयोग गर्ने उल्लेख छ । विपद् व्यवस्थापन समितिहरूलाई संस्थागत गर्ने, कोष वितरण, लाभग्राहीको पहिचान आदि विषयहरू समावेश गरिएको छ । विपद् प्रभावित व्यक्ति तथा समुदायलाई लघुवित्तमा पहुँच, निर्ब्याजी ऋण, सशर्त नगद स्थानान्तरण आदिको व्यवस्था गरिने कुरा उल्लेख छ । |
| ८ | सामाजिक सुरक्षा ऐन २०७५ | देहायका वर्गहरूलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था : बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गरिब तथा सीमान्तकृत, एकल महिला । |
| ९ | भू तथा जलाधार संरक्षण ऐन २०३९ | बाढी, पहिरो र भूक्षयजस्ता प्राकृतिक प्रकोपहरूको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने यसले कानूनी व्यवस्था गरेको छ । |
| १० | जलस्रोत ऐन २०४९ | भूक्षय, बाढी, पहिरो र अन्य यस्तै कारणहरूबाट वातावरणमा कुनै प्रतिकूल असर नहुनेगरी जलस्रोतको उपयोग गर्ने यसले व्यवस्था गरेको छ । |
| ११ | राष्ट्रिय कृषि नीति २०६० | प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, प्रवर्धन र उपयोगमा लक्षित । प्राकृतिक प्रकोप, चरम वर्षा, खडेरी, रोग, किराहरू आदिको अनुगमन प्रणाली स्थापना गरी सञ्चालन गरिने कुरा उल्लेख गरेको । |
| १२ | कृषि विकास रणनीति ( २०१५-२०३५) | मौसम तथा जलवायुमा पूर्वसूचना प्रणालीको स्थापना, खडेरी तथा बाढी सहनशील बिउबिजनमा खोजअनुसन्धान, किसान कल्याण कोषको स्थापना, कृषि बीमा प्रवर्धनका गतिविधिहरूलाई प्राथमिकता दिएको । |
| १३ | राष्ट्रिय उद्योग नीति २०६७ | गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा औधोगिक क्षेत्र र करिडरमा आधुनिक दमकलको व्यवस्था गरेको । कुनै पनि प्राकृतिक विपद् र सामाजिक सेवामा उद्योगहरूले प्रदान गरेका अनुदान वा वित्तीय सहयोगको लागि आयकरमा छुट दिने व्यवस्था । |
| १४ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ ( पुनरावलोकन २०७५) | प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियामा सहभागी सबै सरकारी निकायहरू, रेडक्रस, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, राष्ट्रसंघीय निकायहरू सबैको जिम्मेवारीहरू तोकेको । |
| १५ | विपद् प्रतिकार्य राष्ट्रिय ढाँचा २०६९ | विपद् प्रतिकार्यको राष्ट्रिय ढाँचाले देहायका कार्यको लागि स्पष्ट व्यवस्था गरेको छ :<br>• विपद् पूर्वतयारी, विपद् पछिको खोज तथा उद्धार र राहतको व्यवस्थापन र यस कार्यको लागि जिम्मेवारी तोक्ने र प्रभावकारी समन्वयलाई अघि बढाउने प्रावधानहरू समेटेको । |

| | | |
|---|---|---|
| | | • प्रतिकार्यको लागि अन्तर्राष्ट्रिय सहयोगको अपील गर्ने ।<br>• विषयगत क्षेत्र समन्वयको लागि क्लस्टर (समूह) व्यवस्था, विपद् र यसबाट परेका प्रभावको सूचना सङ्कलनको लागि संयन्त्र व्यवस्था ।<br>• विपद् प्रभावितलाई स्वीकृत मापदण्ड बमोजिम लत्ताकपडा, खाद्यान्न, नगद सहयोग उपलब्ध गराउने । |
| १६ | राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापन नीति २०७२ | विपद् पश्चातका पुनर्लाभ, पुनर्निमाण र पुनर्स्थापनका लागि नीति तहको मार्गदर्शन गर्ने । अहिले राष्ट्रिय पुनर्निमाण प्राधिकरणले गोरखा भूकम्प २०७२ पछिको पुनर्निर्माण कार्यलाई कार्यान्वयन गरिरहेको छ । |
| १७ | जलउत्पन्न विपद् व्यवस्थापन नीति २०७२ | यसले संरचनात्मक तथा गैरसंरचनात्मक प्रविधिको प्रयोग गरी बाढी तथा पहिरोजस्ता जलउत्पन्न विपद्हरूको रोकथामको माध्यमबाट जनधनको क्षति न्यून गर्ने विभिन्न नीतिहरू प्रस्तुत गर्दछ । त्यसैगरी प्राकृतिक स्रोतसाधन, खानेपानी, जल यातायात आदि जस्ता पूर्वाधारहरूको दिगो प्रयोगमा नीतिगत प्रावधान प्रस्तुत गर्दछ । |
| १८ | राष्ट्रिय शहरी विकास रणनीति २०७३ | यसले सन्तुलित र समृद्ध शहरी भविष्यको लागि पाँचवटा मार्गदर्शन सिद्धान्तमध्ये उत्थानशीलतालाई विशेष ध्यान दिएको । उत्थानशीलतालाई शहरी प्रणाली र सामुदायिक योजना तर्जुमामा एकीकरण गरेको । |
| १९ | जलवायु परिवर्तन नीति २०६८ (पुनरावलोकन २०७५) | चरम जलवायु घटनाहरू र जलवायु परिवर्तनका प्रभावहरूको सम्बोधन गर्दै अनुकूलनका कार्यहरू कार्यान्वयन गर्न र स्थानीय विकास योजनामा जलवायु परिवर्तन अनुकूलनलाई एकीकृत गर्न लागू । |
| २० | राष्ट्रिय भवन निर्माण ऐन २०५५ | भूकम्प, आगलागी र अन्य प्राकृतिक विपद्हरूबाट भवनमा पुग्नसक्ने सम्भावित क्षतिलाई न्यून गर्नको लागि भवन निर्माण कार्यहरू नियमन गर्न भवन निर्माण व्यवस्थापन सुदृढीकरण समितिको गठन गर्ने प्रावधान रहेको । |
| २१ | नेपाल सडक सुरक्षा कार्ययोजना (२०१३-२०२०) | दुर्घटना पछिको प्रभावकारी प्रतिकार्यहरूसहित सुरक्षित सडक पूर्वाधारहरू र सेवाहरू व्यवस्थाको माध्यबाट जनधनको क्षति न्यून गर्ने दीर्घकालीन सोचसहित तयार गरिएको । |
| **स्थानीय स्तर** | | |
| १ | स्थानीय सरकार सञ्चालन ऐन २०७४ | यसले स्थानीय स्वायत्त शासन ऐन २०५५ लाई प्रतिस्थापन गरेको छ । गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकारहरूअन्तर्गत विपद् जोखिम न्यूनीकरणका सबै चरणहरूमा कार्य गर्ने भनी उल्लेख गरिएको छ ।<br>भवन निर्माण अनुमति, अनुगमन, नियमन र मूल्याङ्कन आदिसँग सम्बन्धित गतिविधिहरू सामेल गरेको । |
| २ | प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ | प्रदेशस्तरको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि गरिनुपर्ने सम्पूर्ण कार्यहरूको जगको रूपमा रहने । |

## २.२ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

यस रणनीतिक कार्ययोजना निर्माणका लागि अवलम्बन गरिएको प्रक्रिया विधि सरल र व्यवस्थित थियो । तल उल्लिखित वैज्ञानिकरूपमा छनौट र व्यवस्थितरूपमा क्रमबद्ध चरण एवं प्रक्रियाहरूको आधारमा यसलाई अघि बढाइएको थियो । प्राथमिक र माध्यमिक दुवै स्रोतहरूबाट आवश्यक सान्दर्भिक तथ्याङ्क र सूचनाहरू सङ्कलन गरियो । सामान्यतः यसले सहभागितामूलक र परामर्शमूलक विधि अवलम्बन गऱ्यो । यसले सरकारका तीनवटै तहका (संघ, प्रदेश र स्थानीय तह) विपद् क्षेत्रसँग प्रत्यक्ष र अप्रत्यक्षरूपमा सम्बन्धित विभिन्न साझेदार र सरोकारवालाहरू पर्याप्त मात्रामा सहभागी गराएको थियो । परामर्श बैठकहरूको विशेष पक्षलाई दृष्टिगत गरी एक पूर्ण र वृहत परामर्श बैठक

तथा कार्यशाला कार्ययोजना पहिल्यै विकास गरियो । यस विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना (२०२०-२०३०) को समग्र पक्षलाई प्रदेश २ को आन्तरिक मामिला तथा कानून मन्त्रालयले नेतृत्व तथा मार्गदर्शन गर्‍यो ।

यस प्रक्रिया विभिन्न चारवटा तहबाट -विश्व, राष्ट्रिय, प्रदेश र स्थानीय - माध्यमिक तथ्याङ्क सङ्कलन र समीक्षा गरी सुरू भयो । माध्यमिक स्रोतहरूबाट लिइएका ज्ञान तथा अन्तर्दृष्टि सुरूवात बिन्दुको रूपमा कार्य गर्दै यस अभ्यासको मेरुदण्ड बन्न पुग्यो । माध्यमिक तथ्याङ्कबाट लिइएका जानकारीहरूको गहन समीक्षा तथा परीक्षण गरियो । त्यसैगरी प्राथमिक तथ्याङ्क सङ्कलन कार्यले विभिन्न तहका विभिन्न मानिस तथा लक्षित समूहको छनौट गर्‍यो । यस प्रयोजनका लागि दुईवटा प्रमुख विधिहरू अपनाइयो - लक्षित समूह छलफल र वृहत परामर्श बैठक तथा कार्यशाला । यसका अतिरिक्त अनौपचारिक छलफल, टेलिफोन कुराकानी विधिहरू पनि आवश्यकता अनुसार प्रयोग गरियो ।

लक्षित समूह छलफल र अन्य बैठकहरूलाई सहजीकरण गर्न खुला छलफल जाँचसूची विधिलाई छानियो । अर्कोतिर, वृहत परामर्श बैठक तथा कार्यशालाको लागि मिश्रित विधि अपनाइयो, जहाँ आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रमुख जिल्ला अधिकारी र परामर्शदाताहरूको प्रस्तुति र सोपश्चात समूह कार्य र समूहहरूको प्रस्तुति लगायतका गतिविधि समेटिएको थियो । विपद्का प्रकारहरूको आधारमा समूहहरूको विभाजन गरियो र छलफलहरूले देहायका थप शीर्षकहरूलाई सविस्तार गर्‍यो - सवालहरू, समाधानहरू, सम्बन्धित निकायहरू र समयावधि । अन्त्यमा कार्यशाला समापनअघि आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री तथा उपमन्त्रीबाट वक्तव्य प्रस्तुत गरी यस रणनीतिक कार्ययोजनालाई थप स्पष्ट पार्ने काम गरियो ।

यस कार्ययोजना विकास प्रक्रिया प्रदेश तहको परामर्श प्रक्रियाबाट सुरू भयो । त्यसपछि सबै आठ जिल्लामा जिल्ला तहका कार्यशालाहरू गरियो । दुवै तहमा प्रमुख प्रदेश/जिल्ला तहका मन्त्रालय र विभागहरूको प्रतिनिधित्व थियो । त्यसैगरी सुरक्षा निकाय, राष्ट्र संघ, विकास साझेदारहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, निजी क्षेत्रहरू र सञ्चार क्षेत्रको पनि सबै कार्यशालाहरूमा सक्रिय सहभागिता थियो । यस प्रक्रियामा, अझ वृहत अन्तर्दृष्टि र सम्बन्धित कार्यसूचीहरू विकास गर्न प्रदेशहरूबीच (प्रदेश १, २ र ३) र चुरे क्षेत्रमा दखल राख्ने विज्ञहरूसँगको परामर्श कार्यशालाहरू पनि सञ्चालन गरियो ।

लक्षित समूह छलफल विधि प्रयोग गरी यस कार्ययोजना तयारी टोलीले विभिन्न जिल्लाहरूका विपद् प्रभावित, सङ्कटासन्न र सीमान्तकृत समुदायका केही वर्गहरूसँग परामर्श गरी उनीहरूको व्यवहारिक चासो र दृष्टिकोणहरू बुझ्यो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सम्बन्धित पृष्ठभूमि, अनुभव र विज्ञता भएका व्यक्तिहरूसँग पनि परामर्श गरी यस कार्यलाई सहयोगी हुनेगरी उनीहरूको विज्ञता र व्यवहारिक दृष्टिकोण सङ्कलन गरियो । केही मुलुकहरूका रणनीतिक कार्ययोजनाको पुनरावलोकन गरी महत्वपूर्ण ज्ञान तथा असल अभ्यासहरूलाई आवश्यकताअनुसार परिमार्जन गरी मिलान गरियो ।

दुवै स्रोतहरूबाट सङ्कलन गरिएका सबै तथ्याङ्कहरू वर्गीकृत गरी संग्रह, विश्लेषण र परीक्षण गरियो । व्यवहारिक र सम्भाव्य समाधान सिफारिस गर्नको लागि कार्ययोजना तयारी टोलीले मुलुकको वर्तमान विकसित परिवेशमा प्रदेश र स्थानीय दुवै तहका सरकारहरूको समग्र कार्य, क्षमता, स्रोत, सीमा र चुनौतीहरू अवलोकन गर्‍यो । प्राथमिक र माध्यमिक दुवै स्रोतहरूबाट प्राप्त ज्ञान, दृष्टिकोण र पृष्ठपोषणहरूको पर्याप्त प्रयोग गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाको मस्यौदा तयार गरियो । यस मस्यौदा योजनालाई वृहत समुदाय र छनौट गरिएका विशिष्ट व्यक्तिहरू एवं विज्ञहरूमाझ विद्युतीय इमेल र जानकारी प्रवाह कार्यशालाको माध्यमबाट साझा गरियो । अन्तिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना (२०२०-२०३०) तयार गरी पेश गर्नुअघि मस्यौदा प्रतिवेदनमा सबै पक्षहरूबाट प्राप्त भएका सबै टिप्पणी, सुझाव र रायलाई गहनरूपमा समीक्षा, विश्लेषण गरी समावेश गरियो ।

DRAFT

# अध्याय ३. विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजना

## ३.१ परिचय

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्य योजना विपद् उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि प्रदेश २ सरकारको प्रतिबद्धता सहितको प्रादेशिक दस्तावेज हो । यस कार्ययोजनाले विपद् व्यवस्थापनमा **जोखिम न्यूनीकरण** केन्द्रित बृहत्तर अवधारणालाई जोड दिएको छ । यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्य ढाँचा २०१५-२०३०, एशियाली मन्त्रीस्तरीय सम्मेलन २०१६ बाट पारित एशियाली क्षेत्रीय योजना, विपद् जोखिम न्यूनीकरण विश्वव्यापी कार्यमञ्चको पाँचौं बैठकले पारित गरेको कानकुन घोषणा लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप विपद् व्यवस्थापनमा जोखिम न्यूनीकरणको वृहत अवधारणालाई समेटिएको छ ।

यस रणनीतिक कार्य योजनाले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८ - २०३०) को मार्गदर्शन, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को कार्यान्वयन अनुभवहरू, गोरखा भूकम्पसहित हालका वर्षहरूमा भएका अन्य प्रमुख विपद्हरूका अनुभव तथा सिकाइहरू र जलवायु परिवर्तन अनुकूलन तथा दिगो विकास लक्ष्यका पहलहरूलाई ग्रहण गरेको छ । कार्य योजनामा चारवटा मूल प्राथमिकता प्राप्त क्षेत्र, त्यसका सहायक क्षेत्रहरू र रणनीतिक क्रियाकलापहरू समेत स्पष्ट रूपमा परिभाषित गरी विभिन्न निकायहरुको जिम्मेवारी निर्धारण गरिएको छ ।

## ३.२ मार्गदर्शक सिद्धान्त

विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरिनेछन् ।

१. प्रदेशस्तरीय विपद् जोखिम न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापन कार्यको नेतृत्व प्रदेशले गर्नेछ । प्रदेशले आवश्यकताअनुसार द्विपक्षीय, संघ र स्थानीय तहसँग सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

२. प्रदेश सरकारले संघ तथा स्थानीय तह, सरोकारवाला संघसंस्थाहरू तथा समुदाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघसंस्थाहरू लगायतको सहभागिता तथा सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्नेछ ।

३. विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रवर्धन गरिनेछ ।

४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समाजका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमा गरिनेछ । यसका लागि विपद्बाट अति प्रभावित समुदायको सशक्तीकरण गरिनेछ । मुख्यतया अति गरीब समुदायको समावेशी, पहुँचयुक्त तथा विभेद रहित सहभागिता सुनिश्चित गरिनेछ । लिङ्ग, उमेर, अपाङ्गता तथा सांस्कृतिक र भौगोलिक विविधतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ । महिला तथा युवा नेतृत्वलाई प्रबर्द्धन गरिनेछ ।

५. संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवाला निकायहरूको पूर्ण सहभागिता, सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रिय संलग्नता, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरिनेछ ।

६. स्थानीय तह तथा समुदायलाई स्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत् विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सशक्तीकरण गरिनेछ ।

DRAFT

७. विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्ग, उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ ।

८. दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जलवायु परिवर्तन अनुकूलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गरिनेछ ।

९. विपद् जोखिमका स्थानीय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरिनेछन् ।

१०. विपद् जोखिमका कारक तत्वहरूको निराकरणको लागि सार्वजनिक तथा निजी लगानी बृद्धि गरी दिगो विकासमा समेत योगदान पुर्‍याइनेछ ।

११. विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न **अझ राम्रो, बलियो र सुरक्षित बनाऔं** भन्ने अवधारणा अवलम्वन गरिनेछ ।

१२. विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धि गरिनेछ ।

१३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय स्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गरिनेछ ।

## ३.३ दीर्घकालीन सोंच, अपेक्षित परिणाम, उद्देश्य र लक्ष्य

### दीर्घकालीन सोंच

प्रदेश २ लाई विपद् जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील प्रदेशको रूपमा स्थापित गर्दै दिगो विकासमा योगदान पुर्‍याउने यस रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोंच रहेको छ ।

### अपेक्षित परिणाम

विपद्‌बाट हुने मृत्यु दर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य रूपले कमी ल्याउनु, जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ ।

### उद्देश्य

प्राकृतिक तथा गैरप्राकृतिक विपद्‌बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्य योजनाको उद्देश्य रहेको छ ।

### लक्ष्य

नेपाल सरकार, गृह मन्त्रालयको पछिल्लो १० वर्ष (सन् २०१० देखि २०२०) को तथ्याङ्क विश्लेषण गर्दा प्रदेश २ मा हरेक वर्ष करिव ३४७ (सडक दुर्घटना वाहेक) व्यक्तिहरूले विपद्‌का कारण आफ्नो ज्यान गुमाएको देखिन्छ । यसैगरी वार्षिक रूपमा औसत १३,५७७ व्यक्तिहरू विपद्‌का कारण प्रभावित हुने गरेका छन् ।

नेपालले सन् २०३० सम्मका लागि तय गरेको दीगो विकास लक्ष्यहरू र अन्य योजनाहरुलाई (जस्तै : विद्यालय क्षेत्र विकास योजना) समेत आधार लिई यस रणनीतिक कार्ययोजनाले विपद् क्षति न्यून गर्न निम्न लक्ष्यहरू लिएको छः

| **सि.नं.** | **सूचक** | **आधार रेखा (२०१५ सम्मको औसत)** | **अल्पकालीन (२०२० सम्म)** | **मध्यकालीन (२०२५ सम्म)** | **दीर्घकालीन (२०३० सम्म)** |
|---|---|---|---|---|---|
| १ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिम सम्बन्धी सूचना तथा जानकारी एवं आंकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरूको प्रतिशत | | २० | ५० | १०० |
| २ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | २५ | ५० | १०० | १०० |

## ३.४ प्राथमिकता प्राप्त क्षेत्रहरू

यस रणनीतिक कार्य योजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूल प्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणालाई आत्मसात गरेको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्य ढाँचालाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्य योजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन (सन् २०२०-२०२२), मध्यकालीन ( सन् २०२३-२०२५), दीर्घकालीन (सन् २०२६-२०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

**प्राथमिकता प्राप्त क्षेत्र १: विपद् जोखिम बारे बुझाई**

प्राथमिकता प्राप्त कार्य १: प्रकोप बमोजिम जोखिम आँकलन

प्राथमिकता प्राप्त कार्य २: बहुप्रकोप जोखिम आकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकता प्राप्त कार्य ३: प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणलीको विकास तथा सूचना प्रवाह

प्राथमिकता प्राप्त कार्य ४: विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र २ : प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य ५: संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य ६: कानूनी तथा नियामक संरचना निर्माण

प्राथमिकता प्राप्त कार्य ७: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्राथमिकता प्राप्त कार्य ८: विपद् जोखिम न्यूनीकरणमा समावेशिताको सुनिश्चितता

**प्राथमिकता प्राप्त क्षेत्र ३ः विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन**

प्राथमिकता प्राप्त कार्य ९ः उत्थानशीलता बृद्धिका लागि लगानी प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १०ः विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य ११ः विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

प्राथमिकता प्राप्त कार्य १२ः जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकता प्राप्त क्षेत्र ४ः प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनःनिर्माणमा ‘अझ राम्रो र बलियो निर्माण’ का लागि विपद् पूर्वतयारीको सुदृढीकरण**

प्राथमिकता प्राप्त कार्य १३ः प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १४ः विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास

प्राथमिकता प्राप्त कार्य १५ः समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

प्राथमिकता प्राप्त कार्य १६ः विपद् पूर्वतयारीको लागि सञ्चार तथा प्रसारण प्रणाली सुदृढीकरण

प्राथमिकता प्राप्त कार्य १७ः खोज तथा उद्धारको क्षमता अभिवृद्धि

प्राथमिकता प्राप्त कार्य १८ः पुनर्लाभ, पुनर्स्थापन र पुनर्निर्माणमा **अझ राम्रो र बलियो निर्माण** अवधारणा प्रवर्धन

| | | |
|---|---|---|
| **प्राथकिताप्राप्त क्षेत्र २ :**<br>प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण | **प्राथमिकता प्राप्त क्षेत्र ३ :**<br>विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न वृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन | **प्राथमिकता प्राप्त क्षेत्र ४ :**<br>प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापन तथा पुनर्निर्माणमा **अझ राम्रो र बलियो निर्माण**का लागि पूर्वतयारीको सुदृढीकरण |
| ↑ | ↑ | ↑ |
| **प्राथमिकता प्राप्त क्षेत्र १ : विपद् जोखिमबारे बुझाइ**<br>जोखिम आकलनका लागि साझा राष्टिय संरचनामार्फत् विपद् जोखिको वृहत्तर बुझाइ | | |

***तालिका चित्र १ नेपालमा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू***

विपद् जोखिमको सही पहिचान गर्नु जोखिम न्यूनीकरणतर्फको पहिलो प्रस्थान बिन्दु हो । यसले विपद् जोखिम न्यूनीकरण सम्बन्धी निर्णय प्रक्रियालाई सही ढंगबाट निर्देशित गर्छ । साथै प्रतिकार्यको लागि प्रभावकारी पूर्व तयारीलाई समेत सही दिशानिर्देश गर्दछ। तालिका चित्र १ मा प्रदेशमा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू एवं विपद् जोखिम बारेको बृहत्तर बुझाइले अन्य प्राथमिकता प्राप्त क्षेत्रहरूको लागि मार्गदर्शन गर्ने कुरा प्रस्तुत गरिएको छ ।

DRAFT

DRAFT

## ३.५ : रणनीतक कार्ययोजनाको नतिजामुखी योजना

| क.स | सूचक | आधार रेखा | अल्पकालीन २०२२ सम्म | मध्यकालीन २०२५ सम्म | दीर्घकालीन २०३० सम्म | कैफियत |
|---|---|---|---|---|---|---|
| **प्रभाव : प्रदेश २ मा बहुप्रकोपबाट हुने घाइते, मृत्यु दर, पशु चौपायामा क्षति, आर्थिक क्षति र प्रभावित हुने परिवारको सङ्ख्यामा उल्लेख्य रूपमा कमी ल्याउने** | | | | | | |
| | | **एक दशक** | **% ले कमी ल्याउने /सङ्ख्यामा वृद्धि गर्ने** | | | |
| १.१ | बहुप्रकोपबाट मृत्यु हुने मानिसहरूको औषत सङ्ख्या | ३४७ | २५ | ५० | ८० | बाढी, आगलागी, हावाहुरी, जनावर आतंक र चट्याङको आधारमा |
| १.२ | बहुप्रकोपबाट घाइते हुने मानिसहरूको औषत सङ्ख्या | १६६४ | २५ | ५० | ८० | |
| १.३ | सडक दुर्घटनाबाट मृत्यु हुने मानिसहरूको औषत सङ्ख्या | | २५ | ५० | ८० | |
| १.४ | सडक दुर्घटनाबाट घाइते हुने मानिसहरूको औषत सङ्ख्या | | २५ | ५० | ८० | |
| १.५ | बहुप्रकोपबाट प्रभावित हुने परिवारहरूको औषत सङ्ख्या | १३५७७ | २५ | ५० | ८० | |
| १.६ | बहुप्रकोपबाट मृत्यु हुने पशु चौपायाको औषत सङ्ख्या | ७०९१ | २५ | ५० | ८० | |
| १.७ | बहुप्रकोपबाट भएको आर्थिक क्षति | ४,४२२,७१०,२६० | २५ | ५० | ८० | |
| **परिणाम १ : महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूको उत्थानशीलता अभिवृद्धि गर्ने** | | | | | | |
| १.१ | नयाँ बन्ने विद्यालय भवनहरू बहुप्रकोप (बाढी, आगलागी, भूकम्प, हावाहुरी) प्रतिरोधी निर्माण भएको प्रतिशत | | १००% | १००% | १००% | |
| १.२ | पुराना विद्यालय भवनहरूको प्रबलीकरण गरिएको प्रतिशत | | १० | ३० | ५० | |
| १.३ | नयाँ बन्ने स्वास्थ्य संस्थाका भवनहरू बहुप्रकोप (बाढी, आगलागी, भूकम्प, हावाहुरी) प्रतिरोधी निर्माण भएको प्रतिशत | | १००% | १००% | १००% | |
| १.४ | पुराना स्वास्थ्य संस्थाका भवनहरूको प्रबलीकरण गरिएको प्रतिशत | | १० | ३० | ५० | |
| १.५ | पुराना अन्य सरकारी भवनहरूको प्रबलीकरण गरिएको प्रतिशत | | २० | ५० | ९० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.६ | सांस्कृतिक सम्पदाहरू, मन्दिरहरू र पर्यटकीय स्थलहरूको प्रबलीकरण र मर्मत गरिएको प्रतिशत | | २० | ५० | ९० | |
| १.७ | अति विपन्न परिवारहरूको आवास निर्माण गरिएको प्रतिशत | | २० | ५० | ९० | |
| १.८ | विद्युत सवस्टेशनहरूको उत्थानशीलता अभिवृद्धि गरिएको प्रतिशत | | २० | ५० | ९० | |
| १.९ | बीमानस्थलहरूको उत्थानशीलता वृद्धि गरिएको सङ्ख्या | | १ | १ | | |
| १.१० | विद्युत सवस्टेशनहरू र तारहरूको उत्थानशीलता वृद्धि गरिएको सङ्ख्या | | ५ | १० | १५ | |
| १.११ | खानेपानी संरचनाहरूको उत्थानशीलता वृद्धि गरिएको प्रतिशत | | २० | ५० | ९० | |
| १.१२ | जैविक तथा सौर्य तारबार गरिएको स्थान | | ५ | १० | १० | |
| १.१३ | जोखिम संवेदनशील सडक निर्माण भएको सङ्ख्या | | ५ | १० | १० | |
| १.१४ | ल्याण्ड फिल्ड साइटहरू निर्माण गरिएको सङ्ख्या | | २ | ५ | ८ | |
| १.१५ | ढल प्रशोधन (सिवेज ट्रिटमेन्ट) प्लान्ट गरिएको सङ्ख्या | | २ | ४ | १० | |
| १.१६ | रेलसँगसम्बन्धित हुन सक्ने जोखिम कम गर्न आवश्यक कार्यक्रमको सङ्ख्या | | ५ | १० | २० | |
| १.७ | उद्योगधन्दाहरू उत्थानशीलता वृद्धि गरिएको सङ्ख्या | | ५ | १० | १५ | |
| **परिणाम २ : प्रदेश २ अर्न्तगत भएर बग्ने नदी तथा खोलाहरूको पिंध चुरे देखि भारतको सिमाना सम्म तटीकरण (च्यानलाइजेशन) गर्ने, साथै पुराना बाँधहरूको मर्मत गरी उत्थानशीलता अभिवृद्धि गर्ने** | | | | | | |
| २.१ | नदी पिंध तटीकरण (रिभर बेड च्यानलाइजेशन) भएको नदीको सङ्ख्या | | २ | ५ | ८ | कमला, बागमती, रातो, बलान, लालवकैया |
| २.२ | जोखिम क्षेत्रमा निर्माण गरिएको बाँधको सङ्ख्या | | १० | २० | ५० | |
| २.३. | पुराना बाँधहरू प्रबलीकरण गरिएको सङ्ख्या | | १० | २० | ५० | |
| २.४ | अन्तरप्रदेश प्लेटफर्म स्थापना भएको सङ्ख्या | | १ | | | |
| २.५ | अन्तरदेशीय प्लेटफर्म स्थापना भएको सङ्ख्या | | १ | | | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.६ | ढल निकास व्यवस्थित गरिएको शहरहरूको सङ्ख्या | | ५ | १० | २५ | |
| २.७ | जोखिम संवेदनशील भूउपयोग योजना निर्माण गरिएको गाउँ वा नगरपालिकाको सङ्ख्या | | २५ | ५० | ६१ | |
| **परिणाम ३ : बाढी तथा खडेरीबाट कृषि क्षेत्रमा भएको क्षतिको संरचनाहरूको संरक्षण गरी उत्थानशीलता अभिवृद्धि गर्ने** | | | | | | |
| ३.१ | चुरे क्षेत्रमा र आवश्यक ठाउँमा पानी रिर्चाज गर्न निर्माण गरिएको पोखरीको सङ्ख्या | | १० | २० | ५० | |
| ३.२ | वृक्षारोपण गरिएको वनको क्षेत्रफल हेक्टर | | ५० | १०० | २०० | |
| ३.३ | संरक्षण गरिएको ताल, सिमसार पोखरीको प्रतिशत | | २० | ५० | १०० | |
| ३.४ | नयाँ अन्नभण्डार कोल्ड स्टोरेज निर्माण गरिएको सङ्ख्या | | ८ | २० | ४० | |
| ३.५ | खडेरी, शीतलहर र डुबान सहन गर्न सक्ने बाली प्रजाति लगाउने किसानको प्रतिशत | | १० | ३० | ५० | |
| ३.६ | जलवायु स्मार्ट गाउँ तथा नगरपालिकाको सङ्ख्या | | २ | ५ | १० | |
| ३.७ | कृषि विद्युतीकरण गरिएको किसानहरूको प्रतिशत | | २० | ५० | १०० | |
| **परिणाम ४ : विपद तथा जलवायुजन्य जोखिम योजना तयार गरी आवधिक तथा वार्षिक योजनामा मुलप्रवाहीकरण गरी कार्यान्वयन गर्ने स्थानीय तहको सङ्ख्या अभिवृद्धि गर्ने** | | | | | | |
| ४.१ | स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन योजना निर्माण गरी आवधिक र वार्षिक योजनामा मुलप्रवाहीकरण गरिएको गाउँ तथा नगरपालिका सङ्ख्या | | १०० | १३६ | | |
| **परिणाम ५ :**<br>**बहुप्रकोप पूर्वसूचना प्रणाली, विपद् जोखिम सूचना, तथा आकलनको उपलब्धता, प्रयोग र पहुँच अभिवृद्धि गर्ने** | | | | | | |
| ५.१ | पूर्वसूचना प्रणाली जडान र सञ्चालनमा आएको नदीको सङ्ख्या | २ | ५ | १० | १५ | |
| ५.२ | मौसम जस्तै वर्षा र तापक्रम सूचित गर्ने प्रणाली विकास गरिएको जिल्ला | | ३ | ५ | | |
| ५.३ | अपाङ्गता भएका व्यक्तिहरूको लागि सूचित गर्ने संरचना र पद्धति विकास गरिएको गाउँपालिका | | २० | ५० | १०० | |
| ५.४ | सिकाइ केन्द्रहरूको निर्माण र सञ्चालनमा आएको गाउँ तथा नगरपालिका सङ्ख्या | | १०० | ३६ | | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.५ | रिसर्च सेन्टरको स्थापना र कार्यान्वयन भएको सङ्ख्या | | | १ | | |
| ५.६ | प्रभाव तथा पूर्वानुमानमा आधारित वित्त प्रणाली (Impact and Forecast based financing system) सञ्चालनमा आएको नगर र गाउँपालिका सङ्ख्या | | २० | ५० | ५० | |
| ५.७ | अन्तरदेशीय सञ्चार र सहयोग प्रणाली स्थापना गरिएको सङ्ख्या | | १ | | | |
| ५.८ | सुरूदेखि अन्तसम्म (End to End solution) मा आधारित पूर्व सूचना प्रणाली जडान भएको सङ्ख्या | | ५० | ५० | ३६ | |

DRAFT

# अध्याय ४ : प्राथमिकता क्षेत्र १ - विपद् जोखिमको बुझाइ

विपद् जोखिम चारवटा तत्वहरूको अन्तर्क्रियाबाट उत्पन्न हुन्छ - प्रकोप, सन्मुखता, सङ्कटासन्नता र क्षमता । अर्को शब्दमा, विपद् जोखिम कुनै खास स्थानमा फरक-फरक तीव्रता/क्षमताको प्रकोप आउन सक्ने सम्भाव्यता, त्यस क्षेत्रमा रहेका जनधनको अवस्था र ती जनधन प्रकोपप्रति सन्मुख हुँदाको सङ्कटासन्नता अवस्था बीचको कार्यात्मक अन्तर्क्रिया हो । सार्वजनिक लगानी योजनाकर्ताहरूको लागि यस अन्तरसम्बन्धको बुझाइ महत्वपूर्ण हुन्छ । यसले सन्मुखतामा रहेका जनसङ्ख्याको वर्तमान विपद् जोखिम घटाउन र भविष्यमा विपद् जोखिमको सिर्जना हुन नदिन महत्वपूर्ण ज्ञान प्रदान गर्नेछ । प्रकोपलाई रोकथाम गर्न नसकिए पनि सन्मुखतालाई सीमित गर्न र सङ्कटासन्नतालाई घटाउन केन्द्रित भएमा जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

त्यसैगरी विपद् जोखिम लेखाजोखाले प्रकोप, सन्मुखता, सङ्कटासन्नता, र क्षमता चारवटै तत्वहरूको अन्तर्क्रियाबाट सिर्जित हुने क्षतिको लेखाजोखा गरी क्षतिको परिणाम निर्धारण गर्दछ । वास्तविक लेखाजोखा सामान्यतया राष्ट्रिय निकायहरूबाट अगुवाइ गरिन्छ र उनीहरूलाई विकास साझेदार, गैरसरकारी संस्थाहरू, विश्वविद्यालय, निजी विज्ञ र अन्य लगायतका विभिन्न बाह्य व्यक्ति एवं निकायहरूले सहयोग गर्दछन् । विपद् जोखिम लेखाजोखाबाट आएका नतिजाको प्रभावकारिता स्तर उक्त लेखाजोखाको लागि प्रत्यक्षरूपमा सङ्कलन गरिएका तथ्याङ्कको गुणस्तरमा निर्भर गर्दछ । सन्मुखतासँग सम्बन्धित र सङ्कटासन्नतासँग सम्बन्धित तथ्याङ्कहरू सिर्जना गर्ने, अद्यावधिक गर्ने र कायम राख्ने जिम्मेवारी योजना मन्त्रालय, अर्थ मन्त्रालय र विषयगत निकायहरू जस्ता सार्वजनिक लगानी योजना निर्माणमा संलग्न कार्यालयहरूमा रहन्छ । भूअवलोकन तथ्याङ्क, खुलास्रोत नक्साङ्कन र मोबाइल अनुप्रयोग जस्ता प्रविधिमा आएको विकासले सम्पत्तिहरूको प्रत्येक इकाइको जानकारी सङ्कलन र अद्यावधिक गर्न सहज बनाएको छ ।

विपद् जोखिमको बुझाइ र जोखिम लेखाजोखा गर्ने सन्दर्भमा प्रदेश सरकारको स्थिति अझै पनि सुदृढी भइनसकेको अवस्था छ । यसमा रहेका केही प्रमुख कारणहरूमा अवधारणाको बुझाइ, स्थानीय क्षमता तथा स्रोतहरू (प्राविधिक र वित्तीय दुवै) र डाटाबेश उपलब्ध नहुनु हो । समन्वयमा कार्य गर्ने र समान लक्ष्यमा योगदान गर्ने संस्कृति राज्यको तीनवटै तहमा राम्रोसँग विकास भइसकेको छैन । तसर्थ, यी कार्यसूचीहरूलाई प्राथमिकतामा राख्दै माथि उल्लेख गरिएका सबै कारक तत्वहरूमा मिलेर कार्य गर्ने संस्कृतिको विकास गरी सुदृढीकरण गर्दै लगिनुपर्दछ । विपद् जोखिम बुझाइमा अभिवृद्धि गर्नको लागि देहायका प्राथमिकताका कार्यहरू अन्तर्गत विभिन्न समयावधिमा पूरा गरिनुपर्ने रणनीतिक क्रियाकलापहरूको छनौट गरिएको छ र निरन्तर गरिनुपर्ने क्रियाकलापहरूलाई समेत निरन्तरतामा राखिएको छ :

(क) प्रकोप बमोजिम जोखिम लेखाजोखा

(ख) बहुप्रकोप जोखिम लेखाजोखाको लागि अन्तरनिकाय समन्वय

(ग) प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

(घ) विपद् जोखिमको बुझाइका लागि क्षमता अभिवृद्धि

DRAFT

## ४.१ प्रकोप बमोजिम जोखिम आकलन (लेखाजोखा)

जोखिमको बुझाइ जोखिमको आकलन/लेखाजोखाबाट सुरू हुन्छ । प्रदेश २ मा प्रकोपको प्रकृति अनुरूप हरेक प्रकोपको सम्मुखता, सङ्कटासन्नता र जोखिमको आकलन तथा नक्साङ्कन गरी सार्वजनिक रूपमा उपलब्ध गराउनु आवश्यक छ । जोखिम संवेदनशील भूउपयोग योजना तयार गरी भूउपयोग क्षेत्र विभाजन गर्नुसमेत आवश्यक छ । प्रकोप बमोजिम जोखिमको आकलनका लागि देहायका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

### ४.१.१ बाढी जोखिम

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| प्रमुख बाढीजन्य नदी जलाधारहरूमा तात्कालिक जल सतह र बर्षा अवलोकन प्रणालीको विस्तार र आधुनिकीकरण गर्ने | प्रमुख नदीहरूको जल सतह तथा बर्षा सम्बन्धी तात्कालिक तथ्याङ्क उपलब्ध भएको हुनेछ | निरन्तर | प्रदेश सरकार : आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय<br>नेपाल सरकार : जल तथा मौसम विज्ञान विभाग | संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरू |
| | न्यानो व्यवस्थित घर, न्यानो कपडा, तातो र पौष्टिक खानेकुरा, लगाउने सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने | शीतलहरबाट हुने क्षति न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह | नागरिक समाज, संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरू |
| | बालबालिका तथा जेष्ठ नागरिकहरूलाई विशेष हेरचाहको व्यवस्था गर्ने | शीतलहरबाट हुने क्षति न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह | नागरिक समाज, विकास साझेदार |
| | शीतलहर सहन गर्न सक्ने बीउ प्रजातिहरूको विकास र प्रयोग गर्ने | खाद्यान्न उत्पादनमा सहयोग पुगेको हुनेछ | मध्यकालीन | भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालय<br>स्थानीय तह | जिल्ला कृषि ज्ञान केन्द्र |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | नगदे बाली लगाउने | जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालय<br>स्थानीय तह | जिल्ला कृषि ज्ञान केन्द्र |
| | घरपालुवा जनावरलाई न्यानो र उचित व्यवस्थापन गर्ने बारेमा जनचेतना अभिवृद्धि गर्ने | पशुक्षतिमा न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालय<br>स्थानीय तह | जिल्ला कृषि ज्ञान केन्द्र |
| | सडक बत्तीको व्यवस्थापन गर्ने | दुर्घटनाको घटनामा कमी भएको हुनेछ | मध्यकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | विद्युत प्राधिकरण |
| **वन्यजन्तु (हात्ती, नीलगाई, बँदेल, बाँदर, अर्ना)** | | | | | |
| | बन्यजन्तुलाई आरक्ष भित्र नै सीमित राख्न अध्ययन गर्ने | मानवीय तथा आर्थिक क्षति कम भएको हुनेछ । | मध्यकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह | राष्ट्रपति चुरे संरक्षण र विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरू |
| | सूचना प्रविधि र परम्परागत प्रविधिको माध्यमबाट वन्यजन्तुलाई व्यवस्थापन गर्ने | मानवीय तथा आर्थिक क्षति कम भएको हुनेछ । | मध्यकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह | राष्ट्रपति चुरे संरक्षण र विकास साझेदार |
| | वन्यजन्तु नियन्त्रण सम्बन्धी नीति नियम बनाई कार्यान्वयन गर्ने | मानवीय तथा आर्थिक क्षति कम भएको हुनेछ । | अल्पकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह | राष्ट्रपति चुरे संरक्षण र विकास साझेदार |
| | वन्यजन्तुको वासस्थान संरक्षण गर्ने | मानवीय तथा आर्थिक क्षति कम भएको हुनेछ । | दीर्घकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह | राष्ट्रपति चुरे संरक्षण र विकास साझेदार |
| | नीलगाई, बँदेल, हात्ती प्रभावित क्षेत्रमा | मानवीय तथा आर्थिक क्षति कम | मध्यकालीन | उद्योग, पर्यटन, वन र | राष्ट्रपति चुरे संरक्षण र |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | काँडेतार, सौर्य तथा बिजुलीको तारबार लगाउने | भएको हुनेछ । | | वातावरण मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार |
| | बनजङ्गल अतिक्रमण नियन्त्रण गर्ने र वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने | वनको सुरक्षा र मानवीय तथा आर्थिक क्षति कम भएको हुनेछ । | दीर्घकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह | राष्ट्रपति चुरे संरक्षण र विकास साझेदार |
| | वन्यजन्तु नियन्त्रणका लागि स्थानीय तहले बजेट छुट्याउने | मानवीय तथा आर्थिक क्षति कम भएको हुनेछ । | अल्पकालीन | आर्थिक मन्त्रालय<br>स्थानीय तह | राष्ट्रपति चुरे संरक्षण र विकास साझेदार |
| **हावाहुरी** | | | | | |
| | मापदण्ड अनुसार नक्शा पास गरेर बलियो हावाहुरीले क्षति नगर्ने घरहरू र विद्यालयहरू निर्माण गर्नेबारे जनचेतना अभिवृद्धि गर्ने | हावाहुरीबाट हुने धनजनको क्षति कम भएको हुनेछ । | अल्पकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | निर्माण व्यवसायी संघ |
| | बिजुलीका पोलहरू व्यवस्थित गरी नढल्ने गरी खडा गर्ने | मानवीय क्षति कम भएको हुनेछ | अल्पकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | विद्युत प्राधिकरण |
| | योजनाबद्ध वस्ती विकास गर्ने | मानवीय क्षति कम भएको हुनेछ | दीर्घकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | निर्माण व्यवसायी संघ |
| | ढल्न लागेका रुखहरू, हाँगाहरू हटाउने | मानवीय क्षति कम भएको हुनेछ | अल्पकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह | |
| **सडक दुर्घटना** | | | | | |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | सडक अतिक्रमण हटाउने, | सडक दुर्घटना कम भएको हुनेछ। | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | नागरिक समाज र विकास साझेदार |
| | साँगुरा सडकहरूको बिस्तार गर्ने | सडक दुर्घटना कम भएको हुनेछ। | मध्यकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | यातायात व्यवसायी संघ |
| | ट्राफिक नियमको पालना सम्बन्धी सवारी चालक र सर्वसाधारणलाई जनचेतना अभिवृद्धि गर्ने साथै सवारी चालकको कार्य समय निर्धारण गर्ने | सडक दुर्घटना कम भएको हुनेछ। | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | सञ्चार जगत र यातायात व्यवसायी संघ, नेपाल प्रहरी |
| | पुराना तथा मापदण्ड विपरित सवारी साधनमा रोक लगाउने | सडक दुर्घटना कम भएको हुनेछ। | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | यातायात व्यवसायी संघ नेपाल प्रहरी |
| | यातायात सञ्चालनमा निगरानी, सवारी चलाउँदा मादक पदार्थ सेवन तथा लागू औषध सेवनमा नियन्त्रण गर्ने | सडक दुर्घटना कम भएको हुनेछ। | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | यातायात व्यवसायी संघ<br>नेपाल प्रहरी |
| | गाउँपालिकामा भएको माध्यमिक विद्यालय तहका विद्यार्थीहरुसँग सडक दुर्घटना सम्बन्धी अन्तरक्रिया गर्ने | सडक दुर्घटना कम भएको हुनेछ। | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | विद्यालय व्यवस्थापन समिति |
| | दुर्घटना बढी हुने स्थानमा द्रुत गतिलाई कम गर्न समय कार्डको प्रयोग गर्ने | सडक दुर्घटनाको घटनामा न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | यातायात व्यवसायी संघ |
| **महामारी** | | | | | |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | माहामारी झाडापखाला, डेंगु, मलेरिया कालाजार सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने | महामारी झाडापखाला, डेंगु, मलेरिया कालाजार न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | विकास साझेदार, सञ्चार जगत |
| | सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने | महामारी न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | विकास साझेदार, सञ्चार जगत |
| | खोप कार्यक्रम सञ्चालन गर्ने | महामारी न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | विकास साझेदार, सञ्चार जगत |
| | पानी, वायु आदि वातावरणीय पक्षमा प्रदुषण नियन्त्रण गरी माहामारीजन्य रोगब्याधिको जोखिम कम गर्ने | महामारी न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | विकास साझेदार, सञ्चार जगत |
| **सर्पदंश** | | | | | |
| | सर्पदंशबाट जोगिने उपायहरूबारे जनचेतना अभिवृद्धि गर्ने | सर्पदंशबाट हुने मानवीय मृत्यु कम भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | विकास साझेदार, सञ्चार जगत |
| | सर्पको बासस्थान हुनसक्ने स्थानहरू सफा गर्ने, प्वालहरू टाल्ने आदि कार्य गर्ने | सर्पदंशबाट हुने मानवीय मृत्यु कम भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | सुरक्षा निकायहरू |
| **पोखरीमा डुबने** | | | | | |
| | सार्वजनिक तथा निजी पोखरीमा तारबार लगाउने नीति बनाउने र कार्यान्वयन गर्ने | पोखरीमा डुब्ने घटनामा कमी आएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | नागरिक समाज |
| | बालबालिकाहरूमा पोखरीमा डुब्ने सम्बन्धी जनचेतना फैलाउने | पोखरीमा डुब्ने घटनामा कमी आएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | नागरिक समाज र सञ्चार जगत |
| | डुबान हुने क्षेत्रका बालबालिकाहरूमा पौडी खेल्ने सीपको बिकास गर्ने | पोखरीमा डुब्ने घटनामा कमी आएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय स्थानीय तह | सुरक्षा निकायहरू |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | माछा पोखरी निर्माणका लागि ऋण प्रवाह गर्दा तारबार लगाउनुपर्ने अन्यथा ऋण नदिने नीति बनाउने | पोखरीमा डुब्ने घटनामा कमी आएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | बैंकहरू |
| **अन्य प्रकोप** | | | | | |
| | चट्याङ्गबाट जोगिने उपायवारे जनचेतना अभिवृद्धि गर्ने | चट्यांङ्गबाट हुने धनजनको क्षति न्यूनीकरण भएको हुनेछ । | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | नास्ट |
| | घर निर्माण गर्दा अर्थिङ्ग राख्नुपर्ने नीतिगत व्यवस्था गर्ने | चट्यांङ्गबाट हुने धनजनको क्षति न्यूनीकरण भएको हुनेछ । | अल्पकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | विद्युत प्राधिकरण |
| | असिनाबाट प्रभावित क्षेत्रमा बालीनाली क्षति कम गर्न टनेल खेती प्रवर्धन गर्ने | असिनाबाट भैरहेको अन्नबालीको क्षतिमा न्यूनीकरण भएको हुनेछ । | मध्यकालीन | भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालय<br>स्थानीय तह | नास्ट |
| | प्रदेश २ को भूउपयोग योजना तयार गरी कार्यान्वयन गर्ने र स्थानीय तहलाई पनि भूउपयोग योजना तयार गरी कार्यान्वयन गर्न लगाउने | भूउपयोगको व्यवस्थित कार्यान्वयन भएर जोखिम स्थानमा बस्ती बिस्तार कार्य न्यूनीकरण भएको हुनेछ । | दीर्घकालीन | भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार |

DRAFT

## ६.२ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समय अवधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | प्रदेश र स्थानीय तहले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आफ्नो आय जस्तै कर, प्राकृतिक स्रोतको प्रयोगबाट निश्चित बजेट छुट्याउने | विपद जोखिमको लागि लगानी वृद्धि भएको हुनेछ | अल्पकालीन | आर्थिक विकास मन्त्रालय र स्थानीय तह | सम्बन्धित मन्त्रालयहरू |
| | संघीय सरकारबाट प्राप्त हुने अनुदानमा निश्चित बजेट विपद व्यवस्थापनका लागि छुटयाउने | विपद जोखिमको लागि लगानी वृद्धि भएको हुनेछ | अल्पकालीन | आर्थिक विकास मन्त्रालय र स्थानीय तह | संघीय सरकार |
| | वडा र स्थानीय तहमा कोषको स्थापना, सञ्चालन र निर्देशिका तयार गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका सहयोग पुग्नेछ | अल्पकालीन | आर्थिक विकास मन्त्रालय र स्थानीय तह | संघीय सरकार |
| | सबै विषयगत निकायहरूले ( जस्तै : शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, वन वातावरण, पशु, उद्योग, पर्यटन) आ-आफ्नो क्षेत्रको जोखिम कम गर्न वार्षिक बजेटको ५ प्रतिशत बजेट रकम विनियोजन गर्ने | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका सहयोग पुग्नेछ | अल्पकालीन | आर्थिक विकास मन्त्रालय र स्थानीय तह | सम्बन्धित मन्त्रालयहरू |
| | चुरे क्षेत्र लगायत संवेदनशील क्षेत्रमा व्यापक वृक्षारोपणको लागि हरेक स्थानीय तहले बजेट विनियोजन गर्ने | चुरे क्षेत्रको संरक्षण भएको हुनेछ | मध्यकालीन | आर्थिक विकास मन्त्रालय र स्थानीय तह | राष्ट्रपति चुरे संरक्षण |
| | सडक निर्माण गर्दा सडक सुरक्षाको लागि जम्मा बजेटको १० प्रतिशत रकम जोखिम न्यूनीकरणका लागि छुट्याउने | सडक दुर्घटना र प्रकोपबाट सडकको उत्थानशीलता वृद्धि भएको हुनेछ | मध्यकालीन | आर्थिक विकास मन्त्रालय र स्थानीय तह | सडक डिभिजन कार्यालय |

DRAFT

## ६.३ विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समय अवधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | निजी क्षेत्रले आफ्नो व्यापार, व्यवसाय, उद्योगहरूको जोखिम पहिचान गरी जोखिम न्यूनीकरणका कार्यहरू गर्ने | निजी क्षेत्रको व्यवसाय र उद्योगको उत्थानशीलता वृद्धि हुनेछ | मध्यकालीन | उधोग वाणिज्य संघ,<br>बैंकहरू | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह |
| | निजी क्षेत्रले आफ्नो व्यापार, व्यवसाय, उद्योगहरूको व्यवसायिक निरन्तरता योजना निर्माण गरी तयारी अवस्थामा रहने | विपदको समयमा पनि निजी क्षेत्रले सेवा प्रवाह गरिरहेको हुनेछ | मध्यकालीन | उधोग वाणिज्य संघ,<br>बैंकहरू | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह |
| | निजी क्षेत्रले व्यापारिक सामाजिक उत्तरदायित्व अर्न्तगत जोखिम न्यूनीकरणमा लगानी वृद्धि गर्ने | विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण भएको हुनेछ | मध्यकालीन | उधोग वाणिज्य संघ,<br>बैंकहरू | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह |
| | वैदेशिक आम्दानीलाई निजी घर, व्यवसाय तथा अन्य सम्पत्तिको विपद् तथा जलवायुजन्य जोखिमको न्यूनीकरण गर्न खर्च गर्न जनचेतना अभिवृद्धि गर्ने | जोखिम न्यूनीकरण र निजी क्षेत्रको उत्थानशीलता वृद्धि कार्यमा सहयोग पुग्नेछ | दीर्घकालीन | उधोग वाणिज्य संघ,<br>बैंकहरू | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह |
| | निजी क्षेत्रबाट संचालित उद्योग धन्दाबाट निस्कने फोहर र रसायनबाट विपद्को अवस्था आउन नदिन लगानी अभिवृद्धिको लागि नीति बनाएर कार्यान्वयन गर्ने | महामारी फैलिनबाट रोक्ने कार्यमा सहयोग पुग्नेछ | मध्यकालीन | उधोग वाणिज्य संघ,<br>बैंकहरू | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय<br>स्थानीय तह |

DRAFT

## ६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षामार्फत् विपद् उत्थानशीलतामा वृद्धि

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समय अवधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | कृषि, पशु, फलफूल, माछा पोखरीहरूको बीमा गर्ने | जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ | अल्पकालीन | भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालय<br>स्थानीय तह | बीमा कम्पनीहरू |
| | व्यापार, व्यवसाय, उद्योगको बीमा गर्ने | जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ | अल्पकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय | बीमा कम्पनीहरू |
| | विपदको जोखिम क्षेत्रमा बसोबास गर्ने समूहको जीवन बीमा गर्ने | जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ | दीर्घकालीन | आर्थिक विकास मन्त्रालय | बीमा कम्पनीहरू |
| | सार्वजनिक भवनहरूको बीमा गर्ने जस्तै अस्पताल, स्वास्थ्य भवन | जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ | दीर्घकालीन | आर्थिक विकास मन्त्रालय | बीमा कम्पनीहरू |
| | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र विपद जोखिम क्षेत्रका बासिन्दाहरूको सामाजिक सुरक्षा अर्न्तगत बैंकसँगको पहुँच अभिवृद्धि गर्ने | सङ्कटासन्न वर्गको जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय , स्थानीयत तह | सम्बन्धित बैंकहरू, यूनिसेफ |
| | नेपाल सरकारको सामाजिक सुरक्षा योजनामा गरिब तथा सङ्कटासन्न समूहको पहुँच वृद्धि गर्ने | रीव तथा सङ्कटासन्न समूहको जोखिम न्यूनीकरणमा सहयोग पुगेको हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय , स्थानीयत तह | सम्बन्धित बैंकहरू, यूनिसेफ |

DRAFT

# अध्याय ७ : प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा पहिलेको भन्दा झन राम्रो बलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

प्रदेश २ एक बहुप्रकोप प्रभावित प्रदेश हो । प्रत्येक वर्ष कुनै पनि मौसममा कुनै न कुनै प्रकोपको घटना यस प्रदेशमा हुने गर्दछ । वैशाख जेष्ठको महिनामा आगलागी, हावाहुरी, असार, साउन र भदौमा बाढी, डुबान, महामारी, लु, सर्पदंश, खडेरीको प्रकोप असोज, मंसिर, पुष र माघमा शीतलहर, फागुन र चैत्रमा हावाहुरी, आगलागी जस्ता प्रकोपको घटनाहरू हुने गर्दछ । भूकम्प र वन्यजन्तुको जोखिम प्रत्येक महिनामा हुन्छ । यसका साथै प्रदेश २ मा बहुआयामिक गरिबी ४७.९ प्रतिशत र आर्थिक गरिबी २७.७ प्रतिशत रहेको छ (मानव विकास सूचकाङ्क २०७६) । अधिकांश ग्रामीण समुदायका घरहरू कमजोर भौतिक सामाग्री प्रयोग गरेर बनाइएका कारण आगलागी, हावाहुरी, शीतलहर र बाढीका कारण सङ्कटासन्न अवस्थामा रहेका छन् । जलवायुका कारण समयमा पानी नपर्दा खडेरीको समस्या पनि यस प्रदेशमा उच्च रूपमा रहेको छ । यसैगरी शहरी क्षेत्रका भवनहरू भूकम्प प्रतिरोधी नभएका कारण भूकम्पीय जोखिममा पनि रहेका छन् । प्रदेश २ को पर्सा, सप्तरी र रौतहट जिल्लामा वन्यजन्तुको आक्रमण र बालीनालीको क्षति पनि प्रत्येक वर्ष हुने गरेको छ ।

यसरी बहुप्रकोपबाट प्रत्येक वर्ष विपद्को अवस्था आउने, विपद्सँग जुध्नको लागि क्षमता कम भएका कारण प्रदेश २ उच्च विपद् तथा जलवायुजन्य जोखिममा रहेको प्रदेश हो । कुनैपनि वेला प्रकोपको घटना हुनसक्ने र त्यसले धनजनको क्षति गर्ने हुनाले प्रदेश २ ले विपद्को प्रतिकार्य गर्न प्रभावकारी पूर्वतयारी गर्नु अपरिहार्य भएको छ । विपदको समयमा समुदायलाई समयमै सुसूचित गर्ने, तुरुन्त जीवन रक्षाका लागि आवश्यक पर्ने खोज तथा उद्धारका कार्य गर्ने र आवश्यक राहत सामाग्री तथा नगद उपलब्ध गराउने र यसका लागि व्यवस्थित पूर्वतयारी गर्ने कार्य यस प्राथमिकता क्षेत्र नं ४ ले गरेको छ । यसैगरी विपद्पश्चात बिग्रेका, भत्केका, संरचनाहरू निर्माणमा **पहिलेको भन्दा झन् राम्रो बलियो निर्माण** भन्ने अवधारणा अनुसार कार्य गर्नु पनि आवश्यक रहेको छ । विपद्पश्चात गरिने पुनर्निर्माण र पुनर्स्थापनाका कार्यहरू परिदृश्य निर्माण सहित दिगो विकास र उत्थानशीलता वृद्धि गर्नेतर्फ उन्मुख हुनु जरुरी छ । अत यस प्राथमिकता क्षेत्रले तल उल्लेखित प्राथमिकतालाई सम्बोधन गर्नेछ ।

७.१. प्रभावकारी प्रतिकार्यको लागि (खोज तथा उद्धार र राहत) पूर्वतयारीको सुदृढीकरण
७.२. विपद् पूर्वतयारीको लागि बहुप्रकोप सञ्चार तथा प्रसारण र  पूर्वसूचना प्रणालीको विकास
७.३ पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा “पहिलेको भन्दा झन् राम्रो र बलियो निर्माण” अवधारणा प्रर्वद्धन

DRAFT

## ७.१ प्रभावकारी प्रतिकार्यको लागि (खोज तथा उद्धार र राहत) पूर्वतयारीको सुदृढीकरण

| प्रकोप | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समय अवधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| बाढी | प्रदेश, जिल्ला र स्थानीय तहले विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने र क्लस्टर (समूह) अवधारणा अनुसार क्लस्टर निर्धारण गर्ने | प्रदेशमा, ८ जिल्लामा र १३६ स्थानीय तहमा पूर्वतयारी र प्रतिकार्य योजना तयार भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला र कानून मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति<br>स्थानीय तह | विकास साझेदार युएन संस्थाहरू |
| | प्रदेश, जिल्ला र स्थानीय तहमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने र भौतिक एवं मानवीय क्षमता विकास गर्ने | १ प्रदेशमा, ८ जिल्ला र १३६ स्थानीय तहमा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला र कानून मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति<br>स्थानीय तह | विकास साझेदार युएन संस्था |
| | प्रदेश, जिल्ला र प्रत्येक स्थानीय तहमा अगुवा संस्थाको छनोट गर्ने | अगुवा संस्थाले जोखिम न्यूनीकरण र व्यवस्थापनका सक्रिय भूमिका निभाएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला र कानून मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति<br>स्थानीय तह | विकास साझेदार युएन संस्था |
| | प्रदेश, जिल्ला र प्रत्येक स्थानीय तहमा आपतकालीन भण्डार गृहको स्थापना गर्ने, सञ्चालन तालिम दिने र कार्यान्वयन गर्ने | प्रदेशमा, ८ जिल्लामा र १३६ स्थानीय तहमा भण्डार गृह तयार भएको हुनेछ । | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार युएन संस्था |
| | आपतकालीन अवस्थाका लागि आवश्यक पर्ने खाद्य, गैरखाद्य, आवास, शिक्षा, खानेपानी शुद्धीकरणका सामाग्रीहरू प्रदेश तथा स्थानीय तहमा भण्डारण गर्ने र आवश्यकता अनुसार अनुगमन गर्ने | आपतकालीन अवस्थामा प्रभावकारी प्रतिकार्य भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार युएन संस्थास , युनिसेफ, डिसिए |
| | प्रदेश तथा स्थानीय तहमा आपतकालीन कोष खडा गर्ने र कोष परिचालन निर्देशिका तयार गर्ने | विपद्मा परेका व्यक्तिहरूले राहत पाएका हुनेछन् | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार युएन संस्था |
| | प्रत्येक स्वास्थ्य संस्थाहरूमा आवश्यक पर्ने औषधीहरू र उपकरणहरू बफर स्टकमा राख्ने | आपतकालीन अवस्थामा औषधिको सहज आपूर्ति हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय र स्थानीय तह | विकास साझेदार युएन संस्था |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रदेश, जिल्ला तथा स्थानीयस्तरमा द्रुत प्रतिकार्य टोली गठन गर्ने | आपतकालीन अवस्थामा सहज स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ । | अल्पकालीन | सामाजिक विकास मन्त्रालय र स्थानीय तह | विकास साझेदार युएन संस्था |
| | प्रत्येक स्थानीय तह, समुदायमा आपतकालीन खुला चउरहरूको व्यवस्थापन र आश्रय स्थलहरू निर्माण गर्ने | विपद्र प्रभावितहरूको लागि सहज आवासको व्यवस्था भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय तह | सुरक्षा निकाय |
| | प्रत्येक वडास्तरमा हेलिकप्टर अवतरण गर्न सक्ने हेलिप्याड निर्माण गर्ने | आपतकालीन अवस्थामा हेलिकप्टर अवतरण गर्न सहज भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय |
| | प्रदेश र प्रत्येक जिल्लास्तरमा मोटरबोट र स्थानीय तहमा रबर बोट, डुङ्गा, लाइफ ज्याकेट, डोरी तयारी अवस्थामा राख्ने | आपतकालीन अवस्थामा सहज रूपमा खोज तथा उद्धार कार्य भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय, संघीय सरकार र विकास साझेदार |
| | प्रत्येक प्रहरी चौकी, शशस्त्र प्रहरी र सेनाको कार्यालयमा बाढी, डुबान, भूकम्प, आगलागी सम्बन्धी खोज तथा उद्धार गर्न सक्ने दक्ष जनशक्ति र खोज तथा उद्धारका सामाग्रीहरू तयारी अवस्थामा राख्ने | आपतकालीन अवस्थामा सहज रूपमा खोज तथा उद्धार कार्य भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय |
| | समुदायमा बाढी, डुबान, भूकम्प, आगलागी, प्राथमिक उपचार सम्बन्धी खोज तथा उद्धार गर्न सक्ने जनशक्ति तयार गर्ने | विपद् परी घाइते भएकाहरूको उद्धार र उपचार भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय |
| | मनोसामाजिक परामर्श दिन सक्ने दक्ष जनशक्ति प्रदेश र स्थानीय तहमा विकास गर्ने | विपद् प्रभावितलाई मनोसामाजिक परामर्शबाट उपचार भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | विकास साझेदार, यूएनएफपिए |
| | द्रुत र विस्तृत लेखाजोखा गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने र आवश्यक फारामहरू तयारी अवस्थामा राख्ने | विपदको समयमा सही तथ्याङ्क सङ्कलन गर्न सहज भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | रेडक्रस |
| | हाइजिन किट, डिग्निटी किट, बेबी किट, स्टुडेन्ट किट, इसिडी किट, सेल्टर किट जस्ता सामाग्रीहरू प्रदेश, जिल्ला र स्थानीय तहमा भण्डारण गर्ने | सङ्कटासन्न समूहले आवश्यकता अनुसारको राहत सामाग्रीहरू पाएका हुनेछन् | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सम्बन्धित मन्त्रालयहरू<br>यूनिसेफ, यूएनडिपी, यूएनएफपिए |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद् प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक र गरिब घरपरिवारलाई सामाजिक सुरक्षा अर्न्तगत एकीकृत गरी नामावली सङ्कलन, बैंक खाताको सञ्चालन र आवश्यकता अनुसार नगद हस्तान्तरणको व्यवस्था अग्रीम मिलाउने | सङ्कटासन्न समूहले द्रुत रूपमा नगद प्राप्त गरी आवश्यकता अनुसार आफूलाई आवश्यक भएको सामाग्रीहरू खरिद गर्न सक्नेछन् | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | आर्थिक विकास मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरू, यूनिसेफ, डिसिए |
| | विपद्को जोखिम स्थानमा बसोबास गरेका घर परिवार, खेतीपाती, पशुपालन, व्यापार व्यवसाय, उद्योग, आदिको अग्रीम बीमाको व्यवस्था गर्ने | जोखिमको हिस्सामा न्यूनीकरण भएको हुनेछ | मध्यकालीन | भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालय<br>स्थानीय तह | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय, बीमा संस्थाहरू |
| | स्थानीय तह र वडास्तरमा एम्बुलेन्सको व्यवस्था गर्ने | सही समयमा विपदको समयमा विरामीहरूले उपचार सेवा पाएका हुनेछन् | अल्पकालीन | सामाजिक विकास मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार र यूएन संस्था |
| | बाढी तथा डुबान हुने स्थानका युवाहरूलाई पौडी र गोताखोर सम्बन्धी तालिम सञ्चालन गर्ने | विपदको समयमा समयमा नै उद्धारको सहयोग पाएका हुनेछन् | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय |
| | बाढी, भूकम्प, आगलागी सम्बन्धी नमुना अभ्यासहरू सञ्चालन गर्ने | जोखिम न्यूनीकरणमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय |
| | सार्वजनिक संरचनाहरू महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक मैत्री संरचनाहरू निर्माण गर्ने | सङ्कटासन्न समूहको सहज पहुँच वृद्धि भएको हुनेछ | दीर्घकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | सामाजिक विकास मन्त्रालय |
| | खाद्य बैंक तथा कपडा बैंकको स्थापना गर्ने | विपद् प्रभावितहरूले समयमा नै राहत प्राप्त गरेका हुनेछन् | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | विकास साझेदार |
| | सुरक्षा साइरन र टोल फ्री नम्बरको व्यवस्था गर्ने | जोखिमको सूचना समयमा नै पाएका हुनेछन् | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | विकास साझेदार |
| **खडेरी** | खाद्यान्नहरू भण्डारण गरी राख्ने व्यवस्था मिलाउने | खडेरीको समयमा जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार |
| **भूकम्प** | भूकम्प प्रतिरोधी घर निर्माण गर्न सक्ने दक्ष जनशक्तिहरू तयार गर्ने, ठेकेदार, सिकर्मी, | विपद्पश्चात भत्केका संरचनाहरूको पुनर्निर्माणमा उत्थानशीलता वृद्धि भएको | अल्पकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय | एनसेट र विकास साझेदार |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | डकर्मीहरूलाई तालिम सञ्चालन गर्ने | हुनेछ | | स्थानीय तह | |
| | सबै सरकारी कार्यालयहरूमा आपतकालीन निकास सम्बन्धी योजना बनाउने र आपतकालीन अवस्थामा भेला हुने स्थान पहिचान गरी राख्ने | आपतकालीन अवस्थामा सहज बाहिर निस्कने सक्ने वातावरण तयार भएको हुनेछ । | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | एनसेट र विकास साझेदार |
| | समयम समयमा भूकम्प सम्बन्धी नमुना अभ्यासहरू सञ्चालन गर्ने | आपतकालीन अवस्थामा सुरक्षित स्थानमा बस्ने वातावरण तय हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | एनसेट र विकास साझेदार |
| | सरकारी कार्यालय र विद्यालयको गैरसंरचनात्मक संरचनाहरूको व्यवस्थापन गर्ने | गैरसंरचनात्मक वस्तुहरू खसी घाइते हुने, मृत्यु हुने घटनामा कमी आएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | एनसेट र विकास साझेदार |
| | शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयले तयार गरेका आधारभूत मापदण्डहरू सबै विद्यालय सरकारी र निजीमा कार्यान्वयन गर्ने | बालबालिकाहरू सुरक्षित भएका हुनेछन् | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | प्याव्सन र एनप्याव्सन |
| | निजी क्षेत्रको व्यवसायिक निरन्तरता योजना निर्माण गरी सोही अनुसार पूर्वतयारी गर्न सहयोग गर्ने | आपतकालीन अवस्थामा पनि सेवा सुचारु भएको हुनेछ | मध्यकालीन | आर्थिक विकास मन्त्रालय | उधोग वाणिज्य संघ |
| **आगलागी** | प्रदेश, जिल्ला र प्रत्येक स्थानीय तहमा दमकलको व्यवस्था गर्ने | समयमै आगलागीको नियन्त्रण भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय र आगलागीमा काम गर्ने संस्था |
| | महत्वपूर्ण पूर्वाधारमा आगलागी नियन्त्रण सम्बन्धी व्यवस्था मिलाउने (जस्तै : व्यापारिक मल, सिनेमा हल, अस्पताल, विद्यालय, कलेजमा आदि) | व्यापारिक मल, सिनेमा हल, अस्पताल, विद्यालय, कलेजहरूमा प्रभावकारी आगलागी नियन्त्रण भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय र आगलागीमा काम गर्ने संस्था |
| | आगलागी नियन्त्रण सम्बन्धी वडा तहमा व्यवस्था मिलाउने | वडास्तरमा समयमा नै आगलागी नियन्त्रण भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय र आगलागीमा काम गर्ने संस्था |
| | पुराना पोखरीहरूको संरक्षण गर्ने | आगलागी नियन्त्रणमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय | विकास साझेदार र सुरक्षा निकाय |
| | आगलागी नियन्त्रण गर्न सक्ने दक्ष जनशक्ति र आवश्यक उपकरणहरू वडास्तरमा व्यवस्थापन | समयमा नै आगलागी नियन्त्रण | अल्पकालीन | आन्तरिक मामिला तथा कानून | विकास साझेदार र |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने | भएको हुनेछ | | मन्त्रालय र स्थानीय तह | सुरक्षा निकाय |
| | समुदायमा केराको बोट रोप्ने अभियान सञ्चालन गर्ने र परम्परागत अभ्यासहरूको परिचालन गर्ने | समयमा नै आगलागी नियन्त्रण गर्न सहयोग पुगेको हुनेछ | अल्पकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालयस्थानीय तह | विकास साझेदार र सुरक्षा निकाय |
| | सार्वजनिक र व्यापारिक भवनहरूमा अग्नि समनक यन्त्र (आगो निभाउने उपकरण) अनिवार्य राख्न लगाउने नीतिगत व्यवस्था गर्ने र आगलागी सम्बन्धी साइरन जडान गर्ने | समयमा नै आगलागी नियन्त्रण भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | विकास साझेदार र सुरक्षा निकाय |
| **शीतलहर** | शीतलहरको समयको लागि आवश्यक पर्ने दाउरा, न्यानो कपडा, लत्ताकपडा उमेर, लिङ्ग अनुसारको हिसाबले भण्डारण गर्ने | शीतलहरबाट हुने क्षतिमा न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | जिल्ला वन र सामुदायिक वन |
| | शीतलहरको समयमा अर्थात मौसम अनुसार अपनाउनु पर्ने सावधानीबारे सञ्चार माध्यमबाट प्रचारप्रसार गर्ने | शीतलहरबाट हुने क्षतिमा न्यूनीकरण भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | मौसम अनुमान कार्यालय |
| **सर्पदंश** | प्रत्येक स्थानीय तहमा सर्पदंश उपचार केन्द्र स्थापना गर्ने | सर्पदंशको समयमै उपचार भएको हुनेछ | मध्यकालीन | सामाजिक विकास मन्त्रालय | सुरक्षा निकाय |
| | सर्पदंशमा प्राथमिक उपचार गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने | सर्पदंशको समयमै उपचार भएको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | विकास साझेदार र गैरसरकारी संस्था, रेडक्रस |

DRAFT

### ७.२ विपद् पूर्वतयारीको लागि बहुप्रकोप सञ्चार र प्रसारण र  पूर्वसूचना प्रणालीको विकास

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समय अवधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | मौसम सम्बन्धी जानकारी गराउन सूचना प्रणालीको व्यवस्थापन गर्नुपर्ने | प्रकोपको घटना हुनसक्ने सूचना समयमा नै प्राप्त भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सम्बन्धित मन्त्रालयहरू<br>जल तथा मौसम विभाग |
| | पूर्व सूचना प्रणाली सम्वन्धि दक्ष जनशक्ति तयार गर्ने | प्रकोपको घटना हुनसक्ने सूचना समयमा नै प्राप्त भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | प्राक्टिकल एक्शन<br>जल तथा मौसम विभाग |
| | प्रदेश २ का मुख्य नदीहरू बागमती, कमला, लालबकैया, रातो, आदिमा पूर्वसूचना प्रणाली जडान गर्ने | प्रकोपको घटना हुनसक्ने सूचना समयमा नै प्राप्त भएको हुनेछ | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | प्राक्टिकल एक्शन<br>जल तथा मौसम विभाग |
| | नमुना अभ्यास सञ्चालन गर्ने | प्रकोपको घटना हुनसक्ने सूचना समयमा नै प्राप्त भएको हुनेछ | अल्पकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | प्राक्टिकल एक्शन, इसिमोड |
| | आगलागी सम्बन्धी साइरन जडान गर्न सहयोग गर्ने | प्रकोपको घटना हुनसक्ने सूचना समयमा नै प्राप्त भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | नास्ट |
| | अपाङ्गता भएका व्यक्तिहरूको पनि सूचनामा पहुँच हुने पद्धति तरिकाहरू विकास गर्ने | सङ्कटासन्न समूहले पनि प्रकोपको घटना हुनसक्ने सूचना समया नै प्राप्त गरेका हुनेछन् | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | प्राक्टिकल एक्शन |
| | मोवाइल अनुप्रयोग (एप्स) प्रयोग गरी मौसम तथा पूर्वसूचना प्रणालीको जानकारी दिने | प्रकोपको घटना हुनसक्ने सूचना समयमा नै प्राप्त भएको हुनेछ | मध्यकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | जलवायु तथा मौसम |

DRAFT

**७.३ पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा "पहिलेको भन्दा झन् राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्द्धन**

| | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समय अवधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | विपद्का कारण क्षति भएका भौतिक संरचनाहरू, जीविकोपार्जनका साधनहरू, आवश्यक सेवाहरूको क्षतिको विस्तृत विवरण सङ्कलन गर्ने | विपदबाट क्षति भएका तत्वहरूको पहिचान भएको हुनेछ | दीर्घकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | सम्बन्धित मन्त्रालयहरू |
| | विपद्बाट भत्केका भौतिक संरचनाहरू, आर्थिक र सामाजिक पक्षहरू पहिलेको भन्दा झन् राम्रो र बलियो निर्माण गर्ने, अवधारणा अनुसार विपद्लाई अवसरको रूपमा परिणत गरी दीर्घकालीन सोच विकास गरी दिगो विकासका कार्य गर्ने | भत्केका संरचनाहरूको उत्थानशीलता वृद्धि भएको हुनेछ | दीर्घकालीन<br>दीर्घकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार र सम्बन्धित मन्त्रालय, यूएन संस्थाहरू |
| | पुनर्निर्माणका कार्यहरू गर्दा वातावरणमा असर नपर्ने गरी स्थानीय स्रोत साधनको प्रयोग गर्ने हरित पुनर्निर्माणलाई जोड दिने | स्थानीय स्रोत साधन र वातावरणमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | विकास साझेदार |
| | भूकम्प प्रतिरोधी घर निर्माण गर्न सक्ने दक्ष जनशक्तिहरू तयार गर्ने, निर्माण व्यवसायी, ठेकेदार, सिकर्मी, डकर्मीहरूलाई तालिम सञ्चालन गर्ने | विपद् पश्चातको पुनर्निर्माणको कार्यमा उत्थानशीलता वृद्धि भएको हुनेछ | अल्पकालीन | भौतिक पूर्वाधार र विकास मन्त्रालय<br>स्थानीय तह | संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरू |
| | विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त, निर्ब्याजी ऋण, र सशर्त नगद स्थानान्तरण गर्ने | विपद् प्रभावितहरूको जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | आर्थिक विकास मन्त्रालय | बैंकहरू, संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरू |
| | विपद् प्रभावितलाई आर्थिक र भौतिक सहयोग उपलब्ध गराउने | विपद् प्रभावितहरूको जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | आर्थिक विकास मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू |
| | विपद् प्रभावित व्यक्तिहरूको लागि मनोसामाजिक परामर्श उपलब्ध गराउने | विपद् प्रभावितले मनोसामाजिक उपचार प्राप्त गरेका हुनेछन् | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | यूएन संस्थाहरू |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| | सुत्केरी, गर्भवती महिला, ५ वर्ष मुनिका बालबालिकाहरू, अपाङ्गता भएका व्यक्तिहरू र जेष्ठ नागरिकको लागि पोषण सहयोग गर्न बैंक मार्फत नगद हस्तान्तरण गर्ने | सङ्कटासन्न समूहलाई आवश्यकता अनुसार आफ्नो जिविकोपाजर्न र पौष्टिक आहारमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | सामाजिक विकास मन्त्रालय | बैंकहरू |
| | विपद् प्रभावित व्यक्तिहरूलाई आय आर्जनका लागि सीपमूलक तालिमहरू सञ्चालन गर्ने र बजारीकरण गर्न सहयोग गर्ने | जीविकोपार्जनमा सहयोग पुगेको हुनेछ | अल्पकालीन | उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालय | सम्बन्धित मन्त्रालयहरू |
| | विपद्का कारण जोखिममा रहेका समुदायलाई आवश्यकता र छलफलको आधारमा समुदायलाई स्थानान्तरण गर्ने | विपद् प्रभावितहरूको जोखिम न्यूनीकरण भएको हुनेछ | दीर्घकालीन | आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह | सम्बन्धित मन्त्रालय |

DRAFT

## अध्याय ८ : रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

मुलुकको शासकीय संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन भएको वर्तमान सन्दर्भमा केन्द्रदेखि स्थानीय तहसम्म विपद न्यूनीकरण तथा व्यवस्थापनका लागि तयार गरिने हरेक नीति, रणनीति र कार्ययोजनाको ठोस, प्रभावकारी, व्यवस्थित र नतिजामुखी कार्यान्वयनका लागि तीनवटा तहबीच पूर्ण समन्वय भएर स्रोतको समन्यायिक बाँडफाँड हुनु जरुरी हुन्छ । तसर्थ, यस रणनीतिक कार्ययोजनाको लागि विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि संघबाट प्रदेशलाई र प्रदेशबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान र अन्य सहयोगका साथसाथै प्रदेश र स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट समुचित वित्तीय व्यवस्था गर्नेछ ।

समग्रमा, यस रणनीतिक कार्य योजनाको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरिनेछ :

**१. औपचारिक स्रोत बाँडफाँड प्रक्रिया**

क) केन्द्रीय सरकारका विषयगत मन्त्रालय वा विभागहरूको नियमित बजेटबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने बजेट ।

ख) केन्द्रीय सरकारका विषयगत मन्त्रालय वा विभागहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमका बजेटबाट सोही प्रयोजनका लागि प्रदेश र स्थानीय तहमा प्रदान गरिने बजेट ।

ग) प्रमुख विपद् घटनापछि पूनर्लाभ र पूर्ननिर्माणका लागि केन्द्रीय सरकारका हरेक विभागमा रहने विशेष बजेटबाट प्रदेश तथा स्थानीय तहमा प्रदान गरिने बजेट ।

घ) प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोही विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुर्ननिर्माणमा उपयोग गर्ने गरी प्रदेश र स्थानीय तहमा “बजेट रकमान्तर” ।

**२. प्रदेश तथा स्थानीय तहको स्रोत व्यस्थापन**

क) प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमका क्षेत्रमा हुने बजेट विनियोजन ।

ख) प्रदेश सरकारका विषयगत मन्त्रालय वा विभागहरूमा नियमित बजेट

ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा आवश्यकताअनुसार केन्द्र सरकारबाट प्राप्त अनुदान ।

घ) प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोही विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुर्ननिर्माणमा उपयोग गर्ने गरी प्रदेश र स्थानीय तहमा “बजेट रकमान्तर” ।

ङ) विपद जोखिम न्यूनीकरणको अतिरिक्त व्ययभारको लागि अन्तरप्रदेश सहयोग र अनुदान ।

**३. नियामक प्रक्रियाबाट प्राप्त राजस्व तथा स्रोत**

क) शहरी र क्षेत्रीय योजना, जग्गा प्लटिङ्ग र अन्य भौतिक तथा पर्यावरणीय योजना नियमन

ख) निर्माण नियमहरू, निर्माण संहिता र निर्माण उद्योग लाइसेन्सका शर्तहरू

ग) खरिद सम्झौताका शर्तहरू

घ) शैक्षिक पाठ्यक्रम र सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्क

ङ) बीमा, बैंकिङ्ग कारोबार र कर्जाका शर्तहरू

च) सम्पत्तिको मूल्याङ्कन र खरिद बिक्री दस्तुर

छ) प्राकृतिक स्रोतसाधनहरू (वन, जङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, गिटी, बालुवा, खानी तथा खनिज, माछा आदि) बाट प्राप्त रोयल्टी

DRAFT

४. प्रदेश र स्थानीय तथा सामुदायिक तहमा समर्पित "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष"

५. निजी संस्थाहरू, प्रदेश तहका उद्योग वाणिज्य संघहरू, सहकारी, बैंक, वित्तीय संस्था तथा बीमा कम्पनीहरूको लगानी

६. द्वीपक्षीय, बहुपक्षीय, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू जस्ता विकास साझेदारहरूबाट प्राप्त हुने सहयोग

७. बीमा सुविधाहरूको व्यापक कवरेज र पहुँचमा सहजताका साथै विपद् पश्चातको दाबीहरूको द्रुत फर्छ्यौट

८. भवन निर्माण संहिताको पालना र अझ राम्रो निर्माण तथा हरित विकास अवधारणामा आधारित प्रबलीकरणका लागि कर प्रोत्साहन

९. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका गतिविधिहरूको वित्तपोषणका लागि पेट्रोलियम उत्पादनहरूमा कर र लेभी

१०. कर्पोरेट र व्यवसाय क्षेत्रको सामाजिक जिम्मेवारी (CSR) र अन्य पहलहरूबाट प्राप्त हुने सहायता

११. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू एवं रेडक्रस अभियानका अङ्गहरूबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम बजेट

१२. विश्व जलवायु लगानी संयन्त्र, हरित जलवायु कोषबाट प्राप्त हुने सहायता

१३. विकास साझेदारहरू जस्तै एसियाली विकास बैंक, विश्व बैंकबाट विकास सहायता

१४. अन्तरसरकारी संगठनहरूको सहायता, जस्तै : अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) अफ्रिका र एशियाको लागि क्षेत्रिय एकीकृत बहुप्रकोप पूर्वसूचना प्रणाली ( रिम्स) आदि ।

DRAFT

## अध्याय ९ : रणनीतिक कार्ययोजनाको कार्यान्वयन, समन्वय, साझेदारी, अनुगमन, समीक्षा र संशोधन

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन विकास प्रक्रियाको एक अभिन्न भाग हो । विपद जोखिम न्यूनीकरण र व्यवस्थापनमा सबैको साझा प्रयास चाहिन्छ । सरकार र यसका निकायहरू, गैरसरकारी र निजी क्षेत्रका संघ, संस्था र व्यक्तिहरू, विकास साझेदारहरू, राजनीतिक दल र यसका भातृ संगठनहरू, प्राज्ञिक व्यक्तिहरू, सर्वसाधारणहरू र विज्ञहरू सबैको हातेमालोबाट नै विपद जोखिमलाई प्रभावकारीरूपमा न्यूनीकरण र व्यवस्थापन हुनसक्छ । यसर्थ, प्रदेश सरकारअन्तर्गतका सबै सम्बन्धित मन्त्रालय एवं इकाइहरूले केन्द्रदेखि स्थानीय तहसम्मका माथि उल्लेखित सबै सरोकारवाला, लाभग्राही, हितग्राही र कर्ताहरूसँग सहकार्य र समन्वय गरेर काम गर्नुपर्ने हुन्छ । विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू आवधिक योजना तथा कार्यक्रममा एकीकृत गरी नियमित प्रगति अनुगमन गर्नुपर्ने हुन्छ । विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरिनेछन् ।

१. यस कार्य योजनाको योजनाबद्ध कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहले आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागू गरिनेछ साथै कार्ययोजनालाई परियोजनाको रूपमा विस्तृतीकरण गरी लागू गरिनेछ ।

२. प्रदेशका विषयगत मन्त्रालय  र इकाइहरूको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

३. विपद् जोखिम न्यूनीकरणसम्बन्धी आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी स्रोत व्यवस्थापन गरिनेछ ।

४. यस कार्ययोजनाको कार्यान्वयन तथा व्यवस्थापन पद्धतिमा सुधार गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय, र इकाइहरूको संगठन तथा व्यवस्थापन अध्ययन गरी सोहीअनुरूप इकाइहरूको गठन र पुनः संरचना गरिनेछ ।

५. यस कार्ययोजना कार्यान्वयनको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ । आवश्यक मार्गदर्शनको लागि प्रदेश रणनीति तथा कार्ययोजनालाई लिइनेछ ।

उत्थानशील समुदायको निर्माणमा प्रदेश र स्थानीय तहका संस्थाहरूको निर्दिष्ट र विशिष्ट भूमिका रहेको हुनाले संस्थाहरूको गुणात्मक एवं परिमाणात्मक कार्यसम्पादनमा नै विपद् जोखिम न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन र यसको प्रभावकारिता भर पर्दछ । यसको लागि विभिन्न स्तरमा अनुगमनको आवश्यकता पर्दछ ।

विपद्पश्चात गरिने पुनर्निर्माण कार्यलाई **"पहिलेको भन्दा झन् राम्रो र बलियो निर्माण "**मार्फत भविष्यमा हुन सक्ने विपद् जोखिमको न्यूनीकरणसँग जोड्नु जरूरी छ । प्रदेशस्तरमा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन "वार्षिक प्रतिवेदन र अनुगमन प्रणाली" मार्फत् गरिनेछ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रदेश परिषद्ले प्रदेशस्तरमा यस रणनीतिक कार्ययोजना कार्यान्वयनको प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । प्रदेश विपद जोखिम न्यूनीरकरण तथा व्यवस्थापन प्राधिकरणले विपद् जोखिम न्यूनीकरण, पूनर्लाभ, पुनः स्थापना तथा पुनर्निर्माण कार्यको समन्वय गर्नेछ ।

प्रभावकारी पूर्वतयारीले विपद् प्रतिकार्यलाई चुस्त दुरूस्त बनाउनुका साथै जनधनको क्षतिलाई कम गर्न महत्वपूर्ण भूमिका खेल्छ । यसर्थ विपद् प्रतिकार्यलाई पूर्वतयारीसँग जोड्न जरूरी छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार गठित प्रदेश तथा स्थानीय कार्यकारी समितिहरूले विपद् पूर्वतयारी तथा प्रतिकार्यको समन्वय गर्नेछ । यी समितिहरूको बैठक कम्तीमा बर्षको एकपटक बसी रणनीतिक कार्ययोजना कार्यान्वयनको वार्षिक प्रगतिको समीक्षा गर्नेछन् ।

सिद्धान्तत स्वतन्त्र र निष्पक्ष मूल्याङ्कनका लागि तेस्रो पक्षद्वारा पनि अनुगमन गर्नुपर्ने हुन्छ । यसका लागि छोटो अवधिको लागि परामर्शदाता नियुक्त गरेर तेस्रो पक्षको अनुगमन अवधारणालाई मूर्त रूप दिइनेछ । रणनीतिक कार्य योजना हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ । परिवर्तित अवस्था अनुसार सान्दर्भिक बनाउन आवश्यकता अनुसार

DRAFT

रणनीतिक कार्य योजना अद्यावधिक गरिनेछ । रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन् । रणनीतिक कार्य योजना निम्न अवस्थामा अद्यावधिक गरिनेछ :

- सरकारको कानून र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउनु आवश्यक भएमा
- प्रमुख विपद् घटना पछिको सिकाइलाई समेट्न जरूरी भएमा
- पाँचवर्षे समीक्षाको निष्कर्ष र सिफारिसहरूका आधारमा

यो रणनीतिक कार्य योजना प्रदेश २ को प्रदेश राजपत्रमा प्रकाशित प्रदेश नं २ को विपद व्यवस्थापन ऐन, २०७५ को दफा २० अनुसार निर्माण गरी प्रदेश कार्यकारी समितिबाट स्वीकृत भै लागू गरिएको छ ।

## प्रदेश १, २ र ३ को समन्वयात्मक र संस्थागत ढाँचा

प्रदेश नं २ मा हुने विपद्का घटनाहरू र जलवायु परिवर्तनको प्रभाव प्रदेश २ सँग मात्र सम्बन्धित नभएर यसको सम्वन्ध प्रदेश १ र ३ सँग पनि रहेको छ । तसर्थ, यी तीनवटै प्रदेश एकअर्कासँग अन्तरसम्बन्धित रहेका छन् । प्रदेश २ मा बाढी तथा डुबानका कारण हुने समस्याहरू प्रदेश १ र ३ बाट बग्ने नदीहरूका कारण पनि हुने गरेका छन् । विशेषगरी प्रदेश नं १ बाट बग्ने कोशी नदी सुनसरी हुदै प्रदेश २ को सप्तरी भएर बग्दछ । यसैगरी कमला नदी सिन्धुली हुदै सिराहा र धनुषा भएर बग्दछ भने बागमती नदी काठमाण्डौ हुदै सर्लाही र रौटहत जिल्ला भएर बग्दछ । यी नदीहरूमा आउने कुनै पनि परिवर्तनले सबै प्रदेशमा कुनै न कुनै प्रभाव पार्दछ । यदि कमला वा बागमती नदीमा बाँध बनाइयो भने यसले प्रदेश २ को भूमिगत जल, सिंचाई तथा खाद्यान्नमा असर पार्दछ । प्रदेश २ को खाद्यान्न उत्पादनमा असर गरेमा यसले समग्र देशको खाद्यान्न आपूर्तिमा असर गर्दछ । यसैगरी प्रदेश १, २ र ३ को जङ्गलबाट निस्कने वन्यजन्तुले अर्को प्रदेशको मानिसहरूमा आक्रमण गर्ने, बालीनाली क्षति गर्ने, पशु चौपायाहरूमा क्षति पुऱ्याउने गर्दछ । यसरी विपद् र जलवायु जोखिमको दृष्टिकोणले यी तीनवटै प्रदेशबीच अन्तरसम्वन्ध रहेकोले सबै तीनवटा प्रदेश मिलेर संयुक्त कार्य गर्न सकेमा स्रोतहरूको बाँडफाँड र अनुभवको आदानप्रदानबाट भविष्यमा हुन सक्ने क्षतिलाई उल्लेख रूपमा कम गर्न सकिन्छ ।

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयसीमा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| **५.१ संस्थागत संरचनाहरूको स्थापना तथा सुदृढीकरण** | | | | |
| अन्तरप्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवालहरूको व्यवस्थापन र समाधानका लागि तीनवटै साझेदारहरू प्रदेशहरू (प्रदेश १, २ र ३) सहमत हुनेगरी औपचारिक संस्थागत संयन्त्र स्थापना गर्ने ( यसको सञ्चालन र कोष व्यवस्थापन स्वरूप समेत | सबै तीनवटा साझेदार प्रदेशहरूबीचको निकट समन्वय र सहकार्यमा अन्तरप्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवालहरू सक्रिय एवं प्रभावकारी रूपमा व्यस्थापन | अल्पकालीन | सबै तीनवटा प्रदेशका ( प्रदेश १, २ र ३) आन्तरिक मामिला तथा कानून मन्त्रालयहरू | साझेदार प्रदेशहरूका योजना आयोगहरू<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विज्ञहरू |

| | | | | |
|---|---|---|---|---|
| निर्धारण गरी) | भएका हुनेछन् । | | | |
| **५.२ कानूनी तथा नियमन ढाँचाको तर्जुमा** | | | | |
| अन्तरप्रदेश संस्थागत संयन्त्रको सञ्चालन तथा कार्यमा सहयोग गर्न कानूनी तथा नियमन ढाँचाको विकास गर्ने । | कानूनी र नियमन ढाँचाको विकास भएर अन्तरप्रदेश संस्थागत संयन्त्रको कार्य सञ्चालन प्रभावकारी र चुस्त भएको हुनेछ । | अल्पकालीन | सबै तीनवटा प्रदेशका ( प्रदेश १, २ र ३) आन्तरिक मामिला तथा कानून मन्त्रालयहरू | साझेदार प्रदेशहरूका योजना आयोगहरू<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विज्ञहरू |
| **५.३ विपद् जोखिम सुशासनको लागि क्षमता विकास, सहकार्य तथा साझेदारी** | | | | |
| अन्तरप्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्रियाकलापहरूको साझा कार्यसूचीमा सहजीकरण गर्न सहयोग तथा सहकार्य ढाँचाको विकास गर्ने । | अन्तरप्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्रियाकलापहरूको योजना र कार्यान्वयनमा सहमतिको प्रवर्धन भएको हुनेछ । | अल्पकालीन | सबै तीनवटा प्रदेशका ( प्रदेश १, २ र ३) आन्तरिक मामिला तथा कानून मन्त्रालयहरू | साझेदार प्रदेशहरूका योजना आयोगहरू<br>विषयक्षेत्रगत मन्त्रालयहरू<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विज्ञहरू |
| लक्षित क्षमता विकास कार्यक्रम कार्यान्वयन र अन्य सीप विकास तालिमहरूमार्फत् अन्तरप्रदेश टीमको क्षमता विकास गर्ने । | अन्तरप्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्रियाकलापहरूको गुणस्तर, दिगोपन र उत्थानशील नतिजाहरूको सुनिश्चित भएको हुनेछ । | अल्पकालीन | सबै तीनवटा प्रदेशका ( प्रदेश १, २ र ३) आन्तरिक मामिला तथा कानून मन्त्रालयहरू | साझेदार प्रदेशहरूका योजना आयोगहरू<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विज्ञहरू, तालिम प्रतिष्ठानहरू |
| विपद र जलवायुजन्य जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि प्रदेश प्रदेश विच रहेका मानविय, भौतिक, प्राविधिक र आर्थिक | एक आपसमा सहयोग भै क्षति न्यूनीकरणमा सहयोग पुगेको हुने छ। | अल्पकालिन | सबै तीनवटा प्रदेशका ( प्रदेश १, २ र ३) आन्तरिक मामिला तथा कानून मन्त्रालयह | सुरक्षा निकायहरू, गैरसरकारी संस्थाहरू |

DRAFT

| | | | | |
|---|---|---|---|---|
| सहयोगको परिचालन गर्ने | | | | |
| **५.४ विपद् जोखिम न्यूनीकरणमा समावेशिताको सुनिश्चित गर्ने** | | | | |
| कसैलाई पनि पछि नछोडौं र कुनै हानि नगरौं भन्ने सिद्धान्तहरूलाई एकीकरण गर्दै समावेशी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अभ्यास गरी स्थापित संस्थागत संयन्त्रले अगुवाइ गरेका अन्तरप्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई सफलतापूर्वक अघि बढाउने । | अन्तरप्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्रियाकलापहरूको योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय समुदायमा रहेका कमजोर र सीमान्तकृत वर्गलाई प्राथमिकता दिइएको हुनेछ । | अल्पकालीन | सबै तीनवटा प्रदेशका ( प्रदेश १, २ र ३) आन्तरिक मामिला तथा कानून मन्त्रालयहरू | साझेदार प्रदेशहरूका योजना आयोगहरू<br>विषयक्षेत्रगत मन्त्रालयहरू<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विज्ञहरू |

DRAFT

अनसूची १ : **पूर्वतयारी गनुपर्ने (नगद तथा वस्तुगत/श्रम)**

**सामाग्रीहरू, औजारहरू र उपकरणहरू**

१. खोज तथा उद्धार :

बाढी : लाइफ ज्याकेट, डोरी, रबर बोट, मोटर बोट, टयुब, ड्रम,

भूकम्प : सिमेन्ट कटर, डोजर, हेल्मेट, गैंटी, बेल्चा, पिक, सावेल,

आगलागी : दमकल, हेल्मेट, आगलागीमा लगाउने ज्याकेट, पाइप, बाल्टीहरू, पानी

२. खाद्य सामग्री : चाउचाउ, चिउरा, दालमोठ, भुजा, चिनी, चियापती, नून, बेसार, तेल, चामल, दाल, आलु, लिटो, दुध, सर्वोत्तम पिठो

३. गैरखाद्य सामाग्री : कम्बल, लत्ताकपडा (उमेर, मौसम र लिङ्ग अनुसार), भाँडाकुँडाहरू (थाल, गिलास, चम्चा, कचौरा, कराही, प्रेसर कुकर, डाडु पन्यु आदि), लाइटहरू, झुल, ओढने ओछ्याउने सामाग्रीहरू (म्याट्रेस, सिरक, सिरानी), पम्पसेट, बीउबीजन, मलखाद,

४. आवास : सेल्टर किट, त्रिपाल, बाँस, डोरी, टेन्ट

५. शिक्षा : बाँस, डोरी, किलाकांटी, किताब, कापीकलम, जुट म्याटहरू, स्टुडेन्ट किट, इसिडी किट,

६. स्वास्थ्य र पोषण : प्राथमिक उपचार बाकस, झाडापखाला, हैजा, टाइफाइड सम्बन्धी आवश्यक औषधिहरू, सर्पदंशको एन्टिभेनम सुई,

७. संरक्षणः लौरो, ह्वील चेयर, इयर फोन, चस्मा, डिग्नीटी किट, बेबी किट, आत्मरक्षाको लागि तालिम

८. सूचना व्यवस्थापन : हाते माइक, वाकीटकी, लेखाजोखाका फारामहरू, डाटाबेस ल्यापटप, सफटवेयर, नक्शा, मोबाइल, स्याटलाइट फोन, रेडियो

९. खानेपानी तथा सरसफाइ : पानी, पानी शुद्धीकरणका सामाग्रीहरू पियुष, वाटरगार्ड, अस्थायी शौचालयको प्यान, हाइजिन किट, डस्टविनहरू, हाते कल,

१० : यातायात : ट्रक, टिपर, टयाक्टर, जीप

**नगद सहयोगसम्बन्धी**

सङ्कटासन्न वर्ग (महिला (एकल, सुत्केरी, गर्भवती) , बालबालिका (५ वर्ष मुनिका), अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, जोखिम क्षेत्रमा भएका बासिन्दाहरू, गरिब, भूमिहिन) को पहिचान नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रमसँग तालमेल गर्ने र बैंकसँग समन्वय गरी बैंक खाता सञ्चालन गर्न सहयोग गर्ने ।

DRAFT